हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔँ ।


नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस १७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 01 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२६

## परवानीपुर-वीरगंज ६६ केभी मरम्मतले लाइन काटिँदै

प्रस, परवानीपुर, १६ पुस/

बिहीवारदेखि वीरगंज आसपासमा विद्युत् आपूर्ति असहज बनेको छ ।




परवानीपुर-वीरगंज ६६ केभी (६६ हजार भोल्ट)को प्रसारण लाइनको लत्रेको तार तान्ने र पुरानो तार फेर्ने काम भइरहेकोले वीरगंज क्षेत्रमा दुई दिनदेखि लाइन काट्ने काम भइरहेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र, वीरगंजले जनाएको छ।

केन्द्र प्रमुख जितेन्द्र झाका अनुसार परवानीपुर-वीरगंजको प्रसारण लाइनको करीब सात किलोमिटर लम्बाइमा प्रसारण लाइनको तल विभिन्न ठाउँमा सडक र घर निर्माण भइसकेको र लत्रेको तार व्यवस्थित गर्न कार्यालयमा दर्जनौं निवेदन परेकोले सो क्षेत्रमा मरम्मत भइरहेको उनले बताए ।

परवानीपुर-वीरगंजका सोऽह्रवटा टावरमध्ये पाँचवटा टावरको शनिवारसम्म तीन दिनमा काम सम्पन्न गर्ने र पुरानो तार फेरेर हाइटेम्प्रेचर लो-स्याग (एचटिएलएस) तार जडान गर्ने काम भइरहेको उनले बताए । ढल्केवरबाट परवानीपुर सब-स्टेशन आएर परवानीपुर सबस्टेशनबाट वीरगंजसम्म पुरानो प्रसारण लाइनको संरचनाबाट ८० मेगावाट बिजुली आयात गर्न सकिने क्षमता रहेकोमा प्रसारण लाइनको १६ वटा टावर र तार फेर्ने काम सम्पन्न भएपछि वीरगंज क्षेत्रमा थप ६० मेगावाट थपेर कुल १४० मेगावट बिजुली आपूर्ति गर्न सकिने वितरण केन्द्रको अनुमान छ।

परवानीपुर-वीरगंज प्रसारण लाइनबाट बिजुली अवरूद्ध भएपछि वीरगंज वितरण केन्द्र मातहत रहेका १२ वटा फिडरमध्ये ३ वटा औद्योगिक फिडरको लाइन पूर्णरूपमा तीन दिनसम्म काटिएको छ भने बाँकी ९ वटा ग्रामीण फिडरमा आंशिक विद्युत् आपूर्ति भइरहेको छ।

रक्सौल-वीरगंज प्रसारण लाइनबाट दैनिक १२ मेगावाट विद्युत् खरीद गरी ग्रामीण फिडरको घरायसी प्रयोजनको बिजुली उपभोगको व्यवस्था मिलाइएको केन्द्र प्रमुख झाले स्पष्ट पारे।

नेपालमा बिजुली उत्पादन बढेसँगै रक्सौल-वीरगंज प्रसारण लाइनबाट बिजुली ६ महीनादेखि खरीद गरिएको थिएन । तर प्रसारण लाइन मरम्मत सम्भार भइरहेकोले विशेषगरी राति र बिहान ९ वटा फिडरले आलोपालो रक्सौलबाट बिजुली किनेर आपूर्ति मिलाइएको उनले बताए । रक्सौल-वीरगंज प्रसारण लाइनको तार पुरानो भएकोले १२ मेगावाटभन्दा बढी ल्याउन नसकिने अवस्था छ।

## महिला स्वास्थ्यकर्मीहरू शोषणको शिकार

प्रस, वीरगंज, १६ पुस/

पर्सा जिल्लाको स्थानीय तहमा करारमा कार्यरत महिला स्वास्थ्यकर्मीहरू शोषणको शिकार भइरहेको समाचार छ।

स्थानीय पालिकाका जनप्रतिनिधि र सम्बन्धित शाखा प्रमुखहरूबाट करारमा कार्यरत महिला स्वास्थ्यकर्मीहरू शोषणको शिकार हुनुपरेको तथ्य बाहिरिएको छ । करारमा कार्यरत कर्मचारीहरूको वार्षिकरूपमा म्याद थप गर्नुपर्ने हुन्छ । यही अवस्थाको फाइदा उठाएर उनीहरू शोषणको शिकार हुने गरेको पछिल्लो समयमा अभिभावकहरूबाट गुनासो आउन थालेको छ।

म्याद थप्ने क्रममा जनप्रतिनिधि र सम्बन्धित कर्मचारीबाट शोषणमा परिरहेको अभिभावकहरूले बताएका छन्। जनप्रतिनिधि र कर्मचारीको शर्त अस्वीकार गर्ने केही महिला स्वास्थ्यकर्मीहरूको म्याद थप नभएको तथा यस्तो शोषणमा परेका कर्मचारीहरूले जागीर पनि छाडेर बाहिरिएको बताइन्छ। जनप्रतिनिधि र कर्मचारीहरूको शर्त नमान्ने महिला कर्मचारीहरू मासिकरूपमा स्वास्थ्य चौकीहरूबाट सरुवा गर्ने गरिएको पनि पीडितका अभिभावकले बताएका छन्।

धोबिनी गाउँपालिकाको उदाहरण लिन सकिन्छ। यो पालिकामा यस अघि करारमा महिला कर्मचारी नियुक्त गर्दा ३० हजारसम्म रकम लिने गरिएको तर अहिले उनीहरूको सशर्त म्याद थपिने गरेको पीडितका अभिभावकले बताएका छन्।

छिपहरमाई गाउँपालिकाकी एकजना करारमा कार्यरत महिला कर्मचारीलाई इलाका प्रहरी कार्यालय, पोखरियाले हालै उद्धार गरी फर्काएको घटना सेलाएको छैन। स्वास्थ्य चौकीमा कार्यरत महिला स्वास्थ्यकर्मीलाई वीरगंज ल्याउने क्रम पनि बढेको छ। रातिपख काम विशेष देखाएर वीरगंज ल्याउने र उनीहरूको शोषण गर्ने समाचारसँगै इप्रका पोखरियाले यसबारे छिपहरमाईको एकजना स्वास्थ्यकर्मीको उद्धार गरेको हो।

यस विषयमा जिल्ला प्रशासन कार्यालय, पर्साको ध्यानाकर्षण गराइएको छ तर स्थानीय तहका प्रमुखहरूको संलग्नता रहेको कारण प्रमाण अभावमा जिल्ला प्रशासन कार्यालय, पर्साले उजुरी लिन नसकेको पीडितका अभिभावकले बताए। उनीहरूले यस्ताखाले घटना न्यूनीकरणका लागि पहल गर्न आग्रह गरेका छन्।

## बर्थिङ सेन्टर खुलेपछि गर्भवतीलाई सहज

प्रस, परवानीपुर, १६ पुस/

वीरगंज-२१ लिपनीबिर्ताको परवानीपुरस्थित स्वास्थ्य चौकीमा करीब




तीन महीनादेखि बर्थिङ सेन्टर सञ्चालनमा रहेको छ।

बर्थिङ सेन्टर सञ्चालन भएपछि त्यस भेगका गर्भवतीहरूलाई वीरगंज धाउनुपर्ने समस्याबाट मुक्ति मिलेको बताइएको छ।

हालसम्म बगहीको १, चोर्नीको १, ताजपुरको २ र परवानीपुरको तीनजना गरी सातजना गर्भवतीहरूले सोही स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा साधारण प्रसूति गराइसकेका छन् । नगरपालिकाले सामाजिक विकास तथा स्वास्थ्य महाशाखाबाट स्वास्थ्यकर्मीहरूको व्यवस्था एवं वडा कार्यालयबाट पनि एकजना अनमीको करारमा नियुक्त गराई बर्थिङ सेन्टर सञ्चालन भएको हो।

वडाध्यक्ष हबीब मियाँका अनुसार वीरगंज महानगरपालिकामा चौबीसै घण्टा एम्बुलेन्स तैनाथ रहने गरेको र परवानीपुरमा सुत्केरी हुन आउने गर्भवतीहरूलाई वीरगंज नै लानुपर्ने अवस्था भयो भने तुरुन्तै एम्बुलेन्स बोलाई नारायणी तथा अन्य अस्पतालमा पठाउने गरिएकोले गर्भवतीहरू परवानीपुरमै सेवा लिइरहेको जानकारी गराए। उनले भने- परवानीपुर आसपासको करीब एक दर्जन गाउँका गर्भवतीहरू परवानीपुर आउन थालेका छन्।

औषधि उपचारदेखि सुत्केरीको स्याहार-सुसारमा स्वास्थ्यकर्मीहरूले विशेष हेरचाह गरेको उनको भनाइ छ।

अहिले २१ नं. वडा लिपनीबिर्ताको पटेलनगर, परवानीपुर, सुखचैना, ताजपुर, कोइरियाटोला, परवानीपुर गाउँपालिका तथा बाराको लिपनी, मुसहरी, लालपर्सा, बगही, चोर्नी, जगरनाथपुरलगायत ठाउँका सेवाग्राहीलाई फाइदा पुगेको उनले बताए।

भदौ २८ गते परवानीपुर निवासी खेदु महतोकी पत्नीले छोरी जन्माउँदा वडाध्यक्ष हबीब मियाँकी पत्नी जमुनी खातुनले रु २५ हजार नगद उनको खातामा जम्मा गरेकी थिइन्। यसले बर्थिङ सेन्टरमा सुत्केरी गराउन थालेका छन्।

## दूतावासमा भारतीय व्यञ्जन महोत्सव

प्रस, वीरगंज, १६ पुस/

वीरगंजस्थित भारत महावाणिज्यदूतावासले आजादी अमृत महोत्सव मनाएको छ।

सो क्रममा बिहीबार दूतावास परिसरमा भारतीय व्यञ्जन महोत्सव सम्पन्न भएको छ।

महावाणिज्यदूत नितेशकुमारले उद्घाटन गरेको महोत्सवमा पर्सा, बाराका विभिन्न रेस्टुराले भारतीय परिकारका स्टलहरू राखेका थिए।

महोत्सवमा डिपिएस, डिएभी र ज्ञानदा एकेडमीका बालबालिकाद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

## कोरोना स्वास्थ्य चौकी कर्मचारीविहीन

नितेश कर्ण, वीरगंज, १६ पुस/

ओमिक्रोनको पाँचौं भेरिएन्ट देखिएपछि वीरगंज-रक्सौल सीमानाकाको शङ्कराचार्यद्वारमा राखिएको स्वास्थ्य चौकी देखावटी मात्र भएको छ।



शङ्कराचार्यद्वार नजीकै स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी। तस्वीर: प्रतीक

मङ्सिर १७ गतेदेखि त्यहाँ स्वास्थ्य चौकी राखिएको हो। बिहान १० बजेदेखि साँझ ५ बजेसम्म भारतबाट आउने शङ्कास्पद व्यक्तिहरूको चेकजाँच गर्ने लक्ष्यले स्वास्थ्य चौकी राखिए पनि त्यहाँ काम गर्ने कर्मचारी नहुने गरेको कारण तोकिएको समयमा पनि स्वास्थ्य परीक्षण हुन नसकेको पाइएको छ। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले डा अनिशा महतोको नेतृत्वमा दुईजना नर्स, दुईजना सहायक र एकजना सहयोगी खटाएको

(बाँकी अन्तिम पातामा)



साना तथा मझौला व्यावसायिक कर्जा ■ घर कर्जा र साना व्यक्तिगत कर्जा ■ उत्पादनशील कर्जा

Our Branches:
Head Office- Omkar Building 'Second Floor', Naya Baneshwor, Kathmandu, Nepal, Tel: 977-1- 4792517/4794170/4793185/4796780
Adarshanagar, Birgunj, Nepal, Tel: 051-532037-532033

MANJUSHREE FINANCE LIMITED
मन्जुश्री फाईनान्स लिमिटेड
behind your happiness

## विचारसार र सूक्तिहरू

**शालीनताको मोल लाग्दैन तर त्यसबाट सबैथोक किन्न सकिन्छ ।**

**– लेडी मांटेग्यू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# आसबहादुर र सेवा आश्रम

**पर्साको ठोरी गाउँपालिका वडा नं १ मा नमूनाकै रूपमा मानवसेवा आश्रम सञ्चालनमा छ । नमूना यस अर्थमा कि आश्रमका सञ्चालक आसबहादुर गुरुङ आफ्नो पेन्सनको पैसाले आश्रम सञ्चालन गरिरहेका छन् । उमेरले आठ दशक नाघेका गुरुङ भारतीय सेनाका अवकाशप्राप्त हुन् । उनले अवकाश पाए लगत्तै शुरू गरेको आश्रम सञ्चालनमा आएको झन्डै तीन दशक पुगेको छ । उनी कुनै सम्पन्न, उद्योगी, व्यापारी वा जमीनदार होइनन् । पेन्सनको रकम सबै आश्रितकै भरणपोषणमा खर्च हुने भएकाले देखभालका लागि छुट्टै कर्मचारी राख्न नसक्दा गुरुङ, उनकी धर्मपत्नी र वृद्धा आमासमेत आश्रितको स्याहारसुसारमा जुटे । सेवा आश्रममा विशेषगरी सहारा कोही नभएका विकलाङ्ग, सुस्त:मनस्थिति, वृद्धवृद्धाहरू आश्रित छन् । उनीहरू हरसमय स्याहारसुसार गर्नैपर्ने अवस्थाका छन् । प्राय:जसोको हातमुख पनि धोइदिनुपर्ने, शौचालय लगिदिनुपर्ने त कतिपय थलामा नै शौच गर्ने किसिमका पनि छन् । २४सैं घण्टा मानवसेवामा समर्पित गुरुङ, आफन्त कोही नभएर बिचल्लीमा परेकाहरू भेट्दा आफैंले डोकोमा बोकेर आश्रममा ल्याउँछन् । यसरी ल्याइएका आश्रितहरू २०–३० जना उनको आश्रममा रहिरहेका हुन्छन् ।**

**विगतमा ठोरी जिल्लाकै अनकन्टार पिछडिएको क्षेत्र मानिन्थ्यो । आज हुलाकी सडकको पहुँच, ग्रामीण विद्युतीकरण र मोबाइल फोनको पहुँचका कारण जिल्ला सदरमुकाम वीरगंजसँग ठोरीको पहुँच सहज भएको छ । दुई दशकभन्दा लामो अवधि गुमनाममा सञ्चालित ठोरीको मानवसेवा आश्रम भरखरै समाचार माध्यम तथा सामाजिक सञ्जालहरूमा छाउन थालेका छन् । आसबहादुर गुरुङ नाम जस्तै आशावादी स्वभावका छन् । उनी निराशा नभई आशावादी स्वभावका भएकाले नै उल्लेखनीय सफलताहरू हात पारेका हुन् । गुरुङ ६० वर्षको उमेरमा कखरा शुरू गरेर ६७ वर्षको उमेरमा एसएलसी पास गर्ने मुलुककै पहिलो व्यक्ति हुन् । त्यसैगरी, ग्रामीण क्षेत्र ठोरी, जुन बेला सदरमुकाम वीरगंज आउनसमेत भारतको बाटो भएर दुई दिन लाग्थ्यो । त्यो अवस्थामा आफ्नो गाउँ झलमल पार्ने सपनाका साथ ग्रामीण विद्युतीकरणमा जुटे । अन्तत: उनी सफल भए । आज बिजुली बाको नामले उनी प्रख्यात छन् ।**

**यति उदाहरणीय, लगनशील र इमानदार रहँदा पनि उनले सञ्चालन गरेको मानवसेवा आश्रम भने भोलिको दिनमा बेसहारा हुने हो कि भन्ने अवस्था छ । आश्रममा आश्रित सङ्ख्या बढ्दो छ, महँगी पनि बढिरहेकै छ, तर सो अनुपातमा आसबहादुरको पेन्सन सीमित छ । आश्रम सञ्चालनका लागि स्थायीरूपमा भरथेग गरिदिने सहयोगी व्यक्ति, समूह तथा संस्थाहरू अझै आश्रमले पाएका छैनन् । यो अवस्थामा ठोरीकै नागरिक अगुवा सन्तोष श्रेष्ठले दैनिक पाँच रुपैयाँ आश्रमलाई दिने अभियानको घोषणा गरेका छन् । यसले आसबहादुरको आशाको जगमा पुन: इँटा थपेको छ । मन हुने व्यक्तिले दैनिक पाँच रुपैयाँ मानवसेवाका लागि आश्रममा दिनु कुनै गाह्रो छैन । दिनको एक कप चिया पनि परेन । अम्मल खानेहरूले अलिकति अम्मल कटौती गरेर वा मोबाइल प्रयोगकर्ताहरूले केही एमबी वा केही कल बचाएर पनि अभियानमा साथ दिन सकिन्छ । न्यून आय भएका व्यक्तिसमेत सहभागी भई महान् अभियानमा संलग्न हुन सकिने महत्त्वपूर्ण अभियानमा जतिसक्दो धेरै सदस्य सहभागी हने हो भने, ठोरीको आश्रम चिरस्थायी**

# फूल एक चिनारी

**लिपिका कर्माचार्य**

**परिचय**

विश्वमान चित्रमा नेपाल सानो छ । क्षेत्रफलका हिसाबले नेपालले विश्वको कुल जमीनको १००० खण्डको १ खण्ड अर्थात् ०.०१५ प्रतिशत मात्र ओगटेको छ। तर जैविक विविधताका हिसाबले नेपाललाई "ठूलो" मान्नुपर्दछ। नेपालको भौगोलिक बनावट अर्थात् समतल मैदानदेखि उच्च भूभागका कारण यहाँ विविध हावापानी र बासस्थान पाइन्छ। यही नै नेपालको विशेषता हो, जसका कारण यहाँ यति धेरै सङ्ख्यामा वनस्पतिहरू र जीवजन्तुहरू पाइन्छन् ।

यसरी नेपालमा थुप्रै प्रजातिका फूलहरू पाइने भएकाले होला परापूर्वकालदेखि नै थाहा पाएर वा नपाएर हाम्रो घरआँगनमा विभिन्न प्रकारका फूलहरू लगाइँदै आएको पाउँछौं। मुख्यत: धार्मिक प्रयोजन, चाडपर्व, उत्सव, शुभ कार्य आदिमा प्रयोग हुने गरेका फूलहरूको उपयोगिता आज हरेक कार्यहरूका साथै पर्यटन व्यवसायमा पनि बढ्दै गएको पाइन्छ । नेपालको भौगोलिक एवं हावापानी विविधता फूल अर्थात् पुष्पखेतीका लागि पनि उपयुक्त छ। कृषि व्यवसायकै एक महत्त्वपूर्ण अङ्ग पुष्पखेती एक नगदेबाली हो । जुन व्यवसायले उद्योगको रूप लिंदै अगाडि बढिरहेको छ । फूलको इतिहासलाई केलाउने हो भने मानव सभ्यताको आरम्भदेखि नै मानिसले धार्मिक, सांस्कृतिक प्रयोजनका निम्ति फूल रोप्ने गरेका हुन् । ईसापूर्व तीन हजारको आरम्भदेखि नै मध्यपूर्वका इजिप्टेली र असाइरेलीहरू फूलको खेती गर्ने कलामा कुशल थिए । चिनियाँ र जापानीहरूले फूलको खेती गर्ने आआफ्नो छुट्टै कला, कौशल र परम्परा विकसित गरे ।

**वनस्पतिमा विज्ञान**

फूलहरू वैज्ञानिकहरूको उत्सुकताको विषय पनि हो। फूल फुल्ने प्रक्रियालाई विज्ञानले थप अध्ययन अनुसन्धानका साथ व्याख्या गर्दैछ । कुनै पनि बिरुवाको जीवनचक्र तब शुरू हुन्छ, जब बीउबिजन जमीनमा खस्ने गर्छ। विभिन्न प्रकारका थुप्रै बोटबिरुवाका आआफ्नै जीवनचक्र छन् । तर फूल फुल्ने बिरुवाहरू वा एन्जियोस्पर्मस्ले पराग सेचनकर्तालाई आकर्षित गरी बीउबिजन फैलाउने अद्भुत क्षमताका कारण सबैभन्दा उन्नत र व्यापक छन् । फूलहरू हेर्नका लागि वा सजावटका लागि सुन्दर देखिनेभन्दा पनि बढी महत्त्वपूर्ण हुन्छन् किनकि तिनीहरूले बिरुवाको प्रजननमा अहम् भूमिका खेलेका हुन्छन् । वनस्पतिको जीवनचक्रको प्रमुख चरणहरूमा बीउबिजन, अङ्कुरण, वृद्धि, प्रजनन, बीउबिजन फैलाउने जस्ता चरणहरू पर्दछन् ।

मानिसलगायत अन्य प्राणीलाई जस्तै विभिन्न रङ्गका फूलहरू फुल्नलाई पनि दिनको प्रकाश र रातको अँध्यारोले प्रभावित गर्दछ । त्यसैले फूल फुल्नका लागि आवश्यक प्रकाश र अँध्यारोको अवधि केही मिनेट मात्र पनि कम वा बढी भएको खण्डमा फूल फुल्न नसक्ने हुन्छ भने केही फूलहरू रातको निश्चित अवधि भएमा मात्र फुल्ने हुन्छन् । त्यसैले विभिन्न रङ्गका फूलहरू अँध्यारो र उज्यालोप्रति अति संवेदनशील हुन्छन् । सूर्यको किरणमा हाम्रो आँखाले देख्न सक्ने रातो, सुन्तला, पहेंलो, हरियो, नीलो, नीर र बैजनी गरी सात रङ्गका किरण हुन्छन् । जसलाई देखिने किरण अर्थात् Visible Rays भनिन्छ । यी किरणहरूलाई हामीले आकाशमा इन्द्रेणीको रूपमा देख्न सक्छौं । यीबाहेक सूर्यको किरणमा हाम्रो आँखाले देख्न नसक्ने Ultraviolet र Infrared जस्ता किरणहरू पनि पाइन्छन् । बैजनी



किरणको भन्दा बढी तरङ्ग लम्बाइ भएका किरणलाई Ultraviolet र रातो किरणको भन्दा कम तरङ्ग लम्बाइ भएका किरणलाई Infrared भनिन्छ । रातो प्रकाशमा पनि आफ्नै विशेष तरङ्ग लम्बाइ हुन्छ, जसलाई रेड लाइट र फाररेड लाइट भनिन्छ । वनस्पतिको Photosynthesis अर्थात् प्रकाश संश्लेषण क्रियामा मुख्यतया सूर्यबाट आउने देखिने किरण (Visible Ray) को विशेष भूमिका रहेको हुन्छ भने कुनै कुनै वनस्पतिले Infrared किरणको पनि उपयोग गर्ने गर्दछ ।

फूलहरूप्रतिको मानिसको प्रेम र आकर्षण हजारौं वर्षअगाडिदेखिको हो । फूलहरू जहाँ फुल्छन्, तिनको रङ्गले, आकृतिले, मनमोहक सुगन्धले र प्रकृतिले मानिसलाई प्राचीनकालदेखि नै मुग्ध पारेको छ, आकर्षित गरेको छ, जुन मानिसको सहयोगी पनि हो ।

वानस्पतिक रङ्गद्रव्य अर्थात् Plant Pigment रङ्गीन पदार्थ हो, जसलाई बिरुवाले उत्पादन गर्ने गर्दछ। सामान्यतया कुनै पनि रासायनिक यौगिक जसले लगभग ३८० एनएम (बैजनी) र ७६० एनएम (रूवी–रातो)को बीच देखिने विकिरणलाई अवशोषित गर्दछ, त्यसैलाई रङ्गद्रव्य अर्थात् पिगमेन्ट भनिन्छ। विभिन्न प्रकारका थुप्रै वानस्पतिक रङ्गद्रव्यहरू हुन्छन् र तिनीहरू जैविक यौगिकहरूका विभिन्न वर्गहरूमा पर्दछन् । वानस्पतिक रङ्गद्रव्यले पात, फूल र फलहरूलाई रङ्ग दिने गर्दछन् भने प्रकाश संश्लेषण (Photosynthesis), वृद्धि (Growth) र विकास (Development) नियन्त्रण गर्नका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण छन् ।

प्रत्येक रङ्गका आआफ्नै तरङ्ग लम्बाइ हुन्छन् । अवशोषण स्पेकट्रम विकिरण तरङ्ग लम्बाइको मापन हो, जुन पिगमेन्टले अवशोषित गर्ने गर्दछ । विभिन्न तरङ्ग लम्बाइको छनोट अवशोषणले रङ्गद्रव्य (Pigment)को रङ्गलाई निर्धारण गर्ने गर्दछ। विकसित बिरुवाको Chlorophylls अर्थात् हरितकणहरूले रातो र नीलो तरङ्ग लम्बाइलाई अवशोषित गर्ने गर्दछ भने हरियो तरङ्ग लम्बाइलाई अवशोषित गर्दैन, जसले गर्दा बिरुवाको पातको रङ्ग हरियो हुने हुन्छ। वनस्पतिको प्राय:जसो भाग हरियो हुने हुन्छ किनभने यसमा Chlorophyll नामक रसायन अत्यधिक मात्रामा हुने हुन्छ। यही Chlorophyll मा प्रकाश संश्लेषण अर्थात् Photosynthesis क्रिया हुने गर्दछ। प्रकाश संश्लेषण एक रासायनिक प्रक्रिया हो, जस अन्तर्गत Chlorophyll अर्थात् हरितकरणले Visible Ray बाट प्राप्त हुने प्रकाश शक्तिको प्रयोग गरी पानीबाट Electron र Oxygen निकाल्छ र Carbondioxide सँग रासायनिक प्रतिक्रिया गरी कार्बनिक यौगिकहरू मुख्यगरी ग्लुकोज बनाउँछ । यसरी बोटबिरुवाले सूर्यको प्रकाशबाट आफ्नो खाना आफैं बनाउने गर्छन्, जसलाई प्रकाश संश्लेषण (Photosynthesis) क्रिया भनिन्छ र प्रकाश संश्लेषणद्वारा बिरुवाले वातावरणबाट Carbondioxide लिएर Oxygen उत्सर्जन गर्दछ ।

**धार्मिक, सांस्कृतिक महत्त्व**

हाम्रो देश नेपालमा पाइने फूलहरू नेपालका रैथाने मात्र नभएर विदेशी भूमिका रैथाने सपुष्पक वनस्पतिहरू पनि सैयौं वर्षअगाडि नै नेपाल भित्रिएका छन्, जुन प्राचीन नेपाली धर्म, संस्कृति, परम्परा अनि साहित्यसँग गाँसिएर रहेको पाइन्छ।

सयपत्री फूल (ट्यागेट्स इरेकटा र ट्यागेट्स पेटुला) साथै मखमली फूल (ग्रोम्फ्रेना ग्लोवोसा)विनाको तिहार कल्पना पनि गर्न सकिंदैन । तिहारमा सयपत्री र मखमली फूलको माला दिदीबहिनीले दाजुभाइलाई लगाइदिने परम्परा रहेको छ। यी दुवै फूलहरूको उद्भव मेक्सिकोमा भएको हो ।

युरोपेली उद्भवका गुनकेशरी (नर्किसस् प्रजातिको) फूल नेवार कन्याको विवाहका अवसरमा प्रयोग गरिन्छ भने हाम्रा आदिकवि भानुभक्तले पनि आफ्नो कवितामा गुनकेशरी फूलको उल्लेख गरेका छन् । शताब्दीऔंदेखि काठमाडौं उपत्यकाका नेवार जातिमा करवीरको (नेरियम ओलिएन्डर) फूल घण्टाकर्णका दिन दुष्टात्माहरूबाट सुरक्षित हुने विश्वासका साथ डाइनहरूकी देवीलाई चढाइन्छ । करवीर वनस्पति मेडिटेरेनियन क्षेत्रको रैथाने हो । लक्ष्मी तथा अन्य देवीदेवताहरूको प्रिय कमल (नेलुम्वो न्यूसिफेरा) फूलको उल्लेख वैदिककालको साहित्यमा गरिएको पाइन्छ। ईसापूर्व ५७ तिर संस्कृत साहित्यका महाकवि कालीदासले पनि महाकाव्य शकुन्तलामा कमलको फूलको कलात्मक उल्लेख गरेको पाइन्छ। यसबाट कमलको फूल यतैतिरको हो भन्ने बुझिन्छ।

तर युरोप, अमेरिका, अफ्रिका, चीन, जापान, भारत आदि विदेशी भूमिका रैथाने फूल फुल्ने वनस्पतिहरू नेपालमा कसरी प्रवेश गरे र हाम्रो धर्म, संस्कृति, साहित्यको अपरिहार्य र अनिवार्य अङ्ग बने भन्ने कुरा पूर्णतया निक्र्योल गर्न भने सकिएको छैन ।

**फूलको अवस्था**

यसरी सपुष्पक अर्थात् फूल फुल्ने वनस्पतिहरूको धनी राष्ट्र नेपाल भए तापनि ती विशिष्ट वनस्पतिहरूको समयसापेक्ष सही उपयोग भने हुन नसकेको विज्ञहरूको भनाइ रहेको छ। जसले गर्दा नेपालमा पुष्प व्यवसाय सोचेजतिको अगाडि बढ्न नसकेको अवस्था छ ।

**सम्भावना**

विश्वमा विभिन्न फूलहरू जस्तै– तुलसी, क्यामोमाइल अर्थात् दामिनी, मखमली, पारिजात, घण्टी, असर्फी, सदाबहार जस्ता बहुउपयोगी तथा सुगन्धित जडीबुटीको बढ्दो माग र मूल्यको कारण यी वनस्पतिहरूको खेती तथा सङ्कलन बर्सेनि बढ्दै गइरहेको पाइन्छ। विश्व बजारमा त्यस्ता जडीबुटीहरूको सहज पहुँचका लागि असल खेती अभ्याससम्बन्धी जानकारीका साथै तालीम हुनु अत्यावश्यक हुन्छ, जसबाट दिगोरूपमा गुणस्तरीय वस्तु उत्पादन भई देशको आर्थिक समृद्धिमा टेवा पुग्ने देखिन्छ।

आजभोलि नेपालमा उत्पादित फूल नपुगेर हामी विदेशी भूमिमा फुलेका फूलमा निर्भर रहेका छौं। नेपालमा फुल्ने जङ्गली वनस्पतिको प्रजाति सङ्ख्या ६ हजार ५ सयभन्दा पनि बढी रहेको छ । तीमध्ये धेरैजसो वनस्पतिहरू नेपालमा नै उद्भव भएका छन्, यतैका रैथाने हुन् र ती फूलहरू सुन्दर, आकर्षक र मनमोहक पनि छन्। ती जङ्गली प्रजातिका सपुष्पक वनस्पतिहरूलाई बगैंचाको वातावरण अनुकूल बनाएर व्यवसायीकरण गर्न सकिने सम्भावना देखिन्छ ।

**निष्कर्ष**

यसरी पनि हामी फूल अर्थात् पुष्प व्यवसायमा आत्मनिर्भर बन्न सक्छौं कि ? जुन सुन्दर फूलहरू आफ्नो सौन्दर्य, कोमलता र पवित्रताका कारण नेपाली लोकजीवनको आत्मामा बसेका छन् ।

– लेखक नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट)का वैज्ञानिक अधिकृत हुन् ।

# जय ओली, जय वनराज

**पाठक प्रतिक्रिया**

१४ गते प्रतीकमा विनोद गुप्ताको लेख 'ओलीको मधेस भ्रमण' पढें । ओलीको मधेस भ्रमण र स्वागत कहाँ भएको छ ? यो पनि विचारणीय छ । सुन्छु कि त्यहाँ एउटा वनराज बस्छन् । ती वनराजलाई न हिन्दुस्तानको मतलब छ, न नेपालको ।

मतलब केवल वनराज बनिरहनुमा छ । यसको लागि कुनै बेला उनले पञ्चायतको भारी बोके । अब राप्रपा नामक जीवको के हैसियत ? अत: उनले माओवादीको भारी बोके र सम्पूर्ण जनयुद्धमा आफ्नो दबदबा कायम राख्न सफल रहे । जब ओली आए उनले प्रचण्डको त नूर नै झारिदिए । अत: ओलीको भारी बोक्न परिहाल्यो । उनलाई न मधेससँग मतलब छ, न पहाडसँग । ओलीलाई पनि त त्यस्तै छ– मिलले राम मिलवले जोडी । मेरो गाउँमा पनि दुईजना एमाले नेता छन् । उनीहरूलाई पनि राजनीतिसँग केही मतलब छैन । मतलब छ त गाउँभरी आफ्नो दादागिरी चलाउनु । केही दिन अगाडि एक माओवादी दादा थिए । अब ती फिका भएका छन् ।

ओलीलाई लेखकले जुन सल्लाह दिएका छन्, त्यसको पनि केही अर्थ छैन । भारतलाई गाली गरेर पनि ओलीले चुनाव जितेर देखाइदिए । भारतलाई पनि राम्ररी थाहा छ कि जसलाई तल झार्न सकिन्छ उसैको सहारा लिनुपर्छ । ओलीभन्दा बढी तल झर्न सक्ने आखिर कोही छ कहाँ ? एमसिसीबारे त ओलीले देउवालाई छुट्टै वार्ता गर्न भनेकै थिए । तर देउवा नै जान डराए भने ओलीको के गलती ? देउवा एमसिसीमा नराम्ररी फसिसकेका छन् ।

नखाउँ भने दिनभरिको शिकार, खाउँ भने प्रचण्ड–झलनाथको अनुहार । जय ओली, जय वनराज !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

# वादविवाद प्रतियोगिता

प्रस, वीरगंज, १६ पुस/

हरि खेतान बहुमुखी क्याम्पसको ४० औं वार्षिकोत्सवको अवसरमा शुक्रवार वादविवाद प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगितामा ५९ जना छात्रछात्रा सहभागी थिए । प्रतियोगितामा बिएड दोस्रो वर्षकी शबनम खातुन प्रथम, प्रेरणाकुमारी साह द्वितीय र कक्षा १२ विज्ञान सङ्कायका सचिनसाह कानू र सन्देश चौधरी तृतीय भएका थिए ।

धर्मेन्द्र यादवको संयोजकत्वमा भएको प्रतियोगितामा प्राध्यापकहरू कविराज सुवेदी, महेश्वर झा र दिलीप पण्डित निर्णायक थिए ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ २०७८ पुस १७ गते शनिवार 2022 January 01 Saturday



# नवीन संस्कृति स्थापनातर्फ वर्तमान

आजको दिन पर्यटकीयस्थल तथा यसो मानिसहरूले फोटो खिचेर फेसबूकमा हाल्न मिल्ने ठाउँमा मानिस अटाई–नअटाई

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**वर्तमान त साँघु पनि हो, दुई संस्कृतिको। नवीन र परम्परागत संस्कृतिको दर्शक हो, वर्तमान। संस्कृतिको सङ्क्रमणको साक्ष्य त वर्तमान हुने भइ नै हाल्यो। सारमा एउटै कुरो भन्न सकिन्छ, वर्तमान सदैव युवा र तरोताजा भइरहन्छ।**

हुन्छ। आजको दिन हाम्रो संस्कृतिको नयाँ वर्ष होइन। एक हिसाबले नयाँ पुस्ताको हो। नयाँ पुस्ता हाम्रो परम्परागत संस्कृतिबाट विमुख भइरहेर हो कि वा हाम्रो परम्परागत संस्कृतिमा कुनै आकर्षण नभएर हो कि वा हरेक संस्कृतिको राम्रो पक्षलाई मान्नुपर्दछ भनेर हो कि आजको दिन रमाइलो गर्न पाइन्छ भनेर, सबैतिर नयाँ वर्षको शुभकामना मनाउनेहरूको व्यापक भीड हुने गरेको छ। यसलाई नकारात्मकरूपमा लिन खोजिएको होइन, यसलाई सम्मान गरिनुपर्दछ भन्ने पक्षमा म पनि छु। हेर्दाहेर्दै यस नयाँ वर्षले धेरै नै विस्तार पाइसकेको छ।

अहिले वनभोज जाने र रमाइलो गर्ने प्रवृत्ति सामान्य बन्दै गएको छ। यसका दुई कारण छन्। पहिलो त जुनसुकै दिन वा जहिले पनि रमाइलो गर्दा हुन्छ र जोसित खर्च गर्न लायक पैसा छ भने अलिकति रमाइलो गर्न, साथीभाइमा जमघट गर्न र लगातारको काम गराइबाट हुने मनोवैज्ञानिक ऱ्हासबाट आफूलाई तरोताजा बनाउन वनभोज जाने प्रवृत्ति बढेको छ। नवधनाढ्य वर्गको उदय अर्थात् मध्यम वर्गको सङ्ख्यात्मक र गुणात्मक वृद्धिले हातमा खर्च गर्ने पैसा भएको छ र खर्च गर्ने घरायसी प्रयोजनका साधनहरूमा खर्च गरिनुका साथै अलिकति रमाइलो गर्नमा खर्च गर्ने प्रवृत्ति विकास भएको छ। यसले गर्दा रमाइलो गर्ने दिनहरू पहिलेको तुलनामा निकै बढेको तथा रमाइलो गर्न पाउने अवसरहरूमा स्वाभाविकरूपमा रमाइलो गर्नेहरूको सङ्ख्यामा धेरै विस्तार भएको छ।

पहिले हरेकजसो गाउँमा धेरै पर्ती जमीन हुन्थ्यो। ऐलानी जमीन धेरै हुन्थ्यो तर बिस्तारै हराउँदै गए। ऐलानी जमीनको संरक्षण हुन सकेन। यसले गर्दा खुला ठाउँको अभाव हुन थाल्यो र अहिले पछिल्लो दशकदेखि ठूला खुला ठाउँलाई व्यवस्थित खेल मैदान तथा पर्यटकीय संरचनाको बनाउन शुरू गर्ने समयमा त्यस्ता ठाउँको अभाव झन् बढ्यो। पछिल्लो दशकदेखि नै रमाइलो गर्न सकिने दिनहरूमा मानिसहरू घरबाट बाहिर निस्केर रमाइलो गर्नेहरूको सङ्ख्या र प्रवृत्ति दुवैमा हजारौं गुणा विकास भएको छ र यो एउटा संस्कृतिको रूपमा नै विकास हुन थालेको छ।

अहिले साना बालबालिकाहरू पनि आजको दिन र कम्तीमा वैशाख सङ्क्रान्तिको दिन आफ्ना मिल्ने साथीहरूको समूह मिलेर गाउँभन्दा बाहिरको नजीकका बगैंचामा वा शहरका बालबालिकाहरू कोही साथीको छतमा गएर मिलेर बसेर खाजा खान थालेका छन्। अनि ह्याप्पी न्यू इयर भन्न थालेका छन्। प्रौढ पुस्तालाई खासै मतलब हुँदैन तर बिस्तारै सबै शिक्षित पुरुष र अझ सबै किसिमको नोकरीमा रहेका मानिसले कुनै न कुनै रूपमा आजको दिनलाई नयाँ वर्षको रूपमा मनाउन थालेका छन् नै। मान्न थालेका छन् नै। यदि सामाजिक सञ्जाललाई हेर्ने हो भने शिक्षित समुदायले यस नयाँ वर्षलाई पनि निकै धेरै प्राथमिकता दिइरहेका छन्।

लोकतन्त्रको गहना उदारता पनि हो। हामी त झन् बढी उदार छौं। यस अर्थमा बढी सांस्कृतिक उदारवादलाई अपनाएका छौं। अहिलेको अवस्थामा हाम्रो संस्कृति सबैभन्दा बढी लोपोन्मुख हुनुमा उदारवाद पनि एउटा कारण हो। हामीमाथि कसैले ठाडो हस्तक्षेप गरेको छ भनेको होइन, हामीले अरूका संस्कृति मानेका छौं भन्ने पनि होइन तर हाम्रो मौलिक संस्कृतिमा निरन्तर ऱ्हास भइरहनुमा हामी शिक्षित समुदायले नै हाम्रो मौलिक संस्कृतिलाई मौलिकरूपमा मान्न धेरै समय दिन नसक्नु पनि हो। र आगन्तुक संस्कृतिलाई हार्दिकतापूर्वक आफूमा स्वीकार गर्नु पनि हो। अहिलेको वनभोज संस्कृति विदेशी संस्कार र संस्कृति मात्र हो वा आगन्तुक संस्कृति मात्र हो भन्न खोजेको होइन। यसलाई अस्वीकार गर्न खोजेको पनि होइन। हामीले देखेका छौं, चाडपर्व मान्न घरभन्दा बाहिर रहेका मानिस एक ठाउँमा जम्मा हुने चलन आदि परम्परा पनि हो। यदि हरेक दिन एकै ठाउँमा बसिरहेका छौं वा काम गरिरहेको छौं भने यस्ता अवसरमा घर वा काम गर्ने थलोभन्दा केही टाढा गएर खानपिन गरी रमाइलो गर्नु धरातलमा स्वाभाविक हो।

समाजमा सामान्यतया चार पुस्ता रहेको मानिन्छ। माथिल्लो तहबाट वर्गीकरण गर्ने हो भने चौथो पुस्ता भनेका ज्येष्ठ नागरिकहरू हुन्। तेस्रो पुस्ता प्रौढ, दोस्रो पुस्ता नवयुवा र प्रथम पुस्ता बालबालिकाहरू हुन्। ज्येष्ठ नागरिकलाई सामान्यतया अहिलेको नयाँ वर्षको बारेमा खासै थाहा छैन तर द्वितीय र तृतीय पुस्ताले रमाइरहेको देखेर भने चौथो पुस्ताले स्वीकार गरिसकेको छ। प्रथम पुस्ताले यसलाई आफ्नो संस्कृतिसरह नै अनुकरण गर्ने अवसर प्राप्त गरिरहेको छ। नवयुवा अर्थात् दोस्रो पुस्ताका सामाजिक सदस्यको लागि यो अभ्यस्त संस्कृतिको निर्माण भइसकेको छ। आफ्नै संस्कृतिको रूपमा स्वीकार गरिसकेका छन्। तृतीय पुस्ताले बढी दोधारमा यसलाई मानिरहेको छ, मनाइरहेको छ। तृतीय पुस्ताका मानिस जसको निकटता चौथो पुस्तासित छ, उसलाई यस नयाँ वर्षसित खासै सरोकार हुँदैन र यसै पुस्ताका जो नवयुवा पुस्ताको निकटमा बढी समय व्यतीत गर्छन्, लाई यो नयाँ वर्ष पनि रमाइलको रूपमा हुने गरेको छ र यसलाई साँच्चै नयाँ वर्षको रूपमा मान्ने संस्कृतिमा आफूलाई तुल्याइसकेका छन्। यसले गर्दा यो स्पष्ट हुन आउँछ कि वर्तमानले अङ्ग्रेजी नयाँ वर्ष अर्थात् आजको दिनलाई नवीन संस्कृतिको स्वीकृति दिएको छ।

हाम्रो समाज र समुदायमा रहेका धेरै संस्कृति लोपोन्मुख अवस्थामा छन्। कतिपय संस्कृतिलाई अन्धविश्वासको बाक्लो कुहिरोले छोपेको छ र त्यसभित्रको विज्ञान पूरै लोप भइसकेको छ। केवल विश्वास बाँकी रहेको अवस्थामा नवीन पुस्ताले खोज्ने त वैज्ञानिकता हो, वैज्ञानिक आधार हो। हो, हाम्रो संस्कृतिका वैज्ञानिक आधार खोजिन बाँकी छ वा वैज्ञानिक आधारमा हाम्रो संस्कृतिको मूल्याङ्कन गरिनु आवश्यक छ तर विश्वमा देखिएका तथा विश्वले मानिरहेका संस्कृतिहरूसित पनि परिचित हुनु छ। विश्वका प्रमुख संस्कृतिहरूमा आफूलाई भिजाउनु पनि छ। आफूलाई ती संस्कृतिहरूको जानकार बनाउनु छ, भोग्नु छ र व्यवहारमा त्यस संस्कृतिसित परिचित हुनु छ, जसले हाम्रो समाज, समुदाय र संस्कृतिलाई नकारात्मक असर पारेको छैन। यस नयाँ अङ्ग्रेजी वर्षले हाम्रो संस्कृतिलाई नकारात्मक प्रभाव नपार्ने हदसम्म हाम्रो समाजले आफ्नो संस्कृतिसरह मान्दा कुनै पनि कुनाबाट दुःखी हुनुपर्ने आवश्यकता छैन। आजको परिवेशमा विश्वलाई बिस्तारै मानिसले चिन्दै गएको छ र हामीले पनि चिन्दै जानु आवश्यक छ। यद्यपि कसैको अन्धानुकरण गर्नुहुँदैन भन्ने मात्र हो। हरेक असल संस्कृतिलाई हामीले आफ्नो परिवेशमा असल हुने गरी मान्नुलाई राम्रो मान्नुपर्दछ।

विगतमा पनि कतिपय संस्कृति यसै गरी स्थापित भएको होला भन्ने प्रमाणको द्योतक हो, वर्तमान। कुनै पनि संस्कृतिको विस्तार कसरी भएको होला भन्ने कुराको प्रमाण पनि हो, वर्तमान। वर्तमान त साँघु पनि हो, दुई संस्कृतिको। नवीन र परम्परागत संस्कृतिको दर्शक हो, वर्तमान। संस्कृतिको सङ्क्रमणको साक्ष्य त वर्तमान हुने भइ नै हाल्यो। सारमा एउटै कुरो भन्न सकिन्छ, वर्तमान सदैव युवा र तरोताजा भइरहन्छ।

## अहंमता र नम्रता

शाल्मलीको एउटा वृक्ष थियो निकै ठूलो, अग्लो र चौडा। नजीकै ससाना झाडी पनि उम्रिएका थिए। एकजना साधु त्यहाँबाट निस्कियो। वृक्ष र झाडीसँग हालखबर सोधे। दुवैबीच परस्पर सम्बन्ध कस्तो छ? विशाल वृक्षले आफ्नो बडप्पन विस्तारपूर्वक प्रशंसा गऱ्यो र आफ्नो सौभाग्यको सराहना गऱ्यो। साथै छिमेकी झाडीको उपहास उडायो। झाडीले के भनोस्! उसले आफ्नो स्थितिमाथि सन्तोष गऱ्यो र भन्यो जुन स्थितिमा छु, प्रसन्न छु। ठूला प्राणीलाई नभए पनि ससाना प्राणीलाई आश्रय प्रदान गर्छु।

धेरै दिनपछि साधु सोही बाटो हुँदै फर्किँदै थिए। वृक्षको ठेगान थिएन तर झाडीको विस्तार भइरहेको थियो। सोधेपछि पत्ता लाग्यो एकपटक भयङ्कर तूफान आएको थियो। त्यसको चपेटमा अनेकौं वृक्ष आए र शाल्मली पनि त्यसै चक्रवातमा धराशायी भयो। साधुले दुःख मनाए साथै झाडीसँग सोधे– तपाईंहरू त्यस कुचक्रबाट कसरी जोगिनुभयो? झाडीले भन्यो– देव! हामीलाई आफ्नो तुच्छताको भान थियो, अनि तूफान आउने बित्तिकै मुन्टो निहुऱ्यायौं, तूफान माथिबाटै गयो। वृक्ष शिर टाडो पारेर उभिएको थियो र हावाहुरीको ठक्करबाट धराशायी भयो।

अहम्ता र नम्रताको अन्तरमाथि विचार गर्दै साधु आफ्नो बाटो लागे।

# इतिहासको पानामा "पोखरिया कृषि रमाइलो मेला"

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**मेलाका लागि आवश्यक संसाधनको सूची तयार भयो। कामको जिम्मेवारी बाँडफाँड भयो। मनोरञ्जनका संसाधन कहाँबाट र कसरी ल्याउने भन्ने जिम्मेवारी मलाई सुम्पियो। भारतको पश्चिम चम्पारणको लौरिया भन्ने स्थानमा मेला लागेको थियो। म त्यहीं गएँ।**

विसं २०४० अर्थात् झन्डै ३८ वर्षअघिको कुरा हो। पर्सा जिल्लाको तत्कालीन पोखरिया पञ्चायतको लागि त्यो अत्यन्तै हर्षमय वर्ष थियो। त्यसअघि पोखरिया खासै चर्चामा थिएन। उहिले सडक, बत्ती र यातायातको साधन वीरगंजबाहेक ग्रामीण क्षेत्रमा नभएकाले



पुस १४ गते यस क्षेत्रमा कृषि रमाइलो मेला लाग्ने गर्दथ्यो। तस्वीरः लेखक

पर्साको ग्रामीण क्षेत्र ओझेलमा थियो। खासगरी तरकारी तथा सामान्य आवश्यकता पूर्ति गर्ने बजारको रूपमा पोखरियाको पहिचान थियो। सानो आकारको बजार स्थापित हुनुको पनि कारण थियो– कृषि विकास बैंक, सहकारी संस्था, सिंचाइ कार्यालय, अस्पताल, विद्यालय र जाडोयाममा वीरगंज चिनी कारखानाको उखु सङ्कलन केन्द्रले गर्दा मानवीय गतिविधि पोखरियासँग आबद्ध थियो। शिक्षार्जनको लागि तत्कालीन जिल्ला उचाङ्गल मावि नै ग्रामीण क्षेत्रका विद्यार्थीहरूको लागि मुख्य गन्तव्य थियो। ग्रामीण क्षेत्रको सङ्गमको रूपमा रहेकोले सामान्य आवश्यकता पूर्तिका ससाना पसलहरू थपिने क्रममा थिए। किराना, कपडा, पान, होटल र साइकल मरम्मत जस्ता खुद्रा पसलहरूमा जीविकोपार्जनभन्दा बढी कारोबार थिएन। पोखरियाको उचाइ तब बढ्यो, जब तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सवको अवसरमा विसं २०४० पुस १४ देखि 'पोखरिया कृषि रमाइलो मेला'को शुभारम्भ भयो। त्यो पुस मेलाको जननीको रूपमा स्व मुक्तिनारायण चौहानलाई आज पनि स्मरण गरिन्छ।

तत्कालीन राजा वीरेन्द्रको जन्म साल र गते सबैलाई थाहा थिएन। यद्यपि जन्मदिन पुस १४ गते हो भनेर भुइँतहसम्म ज्ञात हुने अवस्थाको श्रेय नितान्तरूपमा पुस मेलालाई जान्छ। पोखरियाको इतिहासमा एउटा अमेटच क्षणको रूपमा पुस १४ अङ्कित भइसकेको छ। मनोरञ्जनको भरमग्दुर स्रोत नै मेलाको मुख्य आकर्षण थियो। कृषि प्रदर्शनी, पशु खरीद–बिक्री, बम्बइया मिठाइ, खाजा, खाना, सिनेमा, सर्कस, थिएटर, मौतका कुवा र जादुगर आदिले उत्सवमय पोखरियाको त्यो क्षण कालान्तरसम्म अविस्मरणीय रहनेछ। यसको अलावा कुस्ती, फूटबल, भलिबल र दौड प्रतियोगिता आदि विभिन्न खेलहरूको आकर्षण वर्णन गरेर साध्य छैन। किनभने नितान्तरूपमा प्रजाद्वारा राजाको जन्मोत्सवको उपलक्ष्यमा लाग्ने उक्त मेला सबैको साझा आस्थामा आधरित थियो।

विसं २०४० मा तीनवटा नयाँको कामको सुरुआत भएको थियो। पहिलो थियो– विद्युत्, जो विस्तार हुँदै आज गाउँगाउँसम्म पुगिसकेको छ। दोस्रो थियो, पुस मेला जो पछि अस्त भयो। र तेस्रो थियो, पोखरिया नगरयोजना, जो पोखरियावासीका लागि आजसम्म अभिशापतुल्य छ। किनभने पञ्चायतकालमा अधिग्रहण गरिएको किसानको ६२ बिघा जग्गा शासन व्यवस्था जनताको हातमा आइसक्दा पनि जनताकै जग्गा सरकारको कब्जामा छ। यसबारेमा विस्तृत आलेख पछि प्रस्तुत गरिनेछ।

### उदाहरणीय मेला

पुस महीनाको कठ्याङ्ग्रिदो जाडोयाममा कहींकतै मेला लाग्दैन थियो। सम्भवतः जाडोयामको मेलाको रूपमा प्रख्यात पोखरियाको मेला बाराको गढीमाईपछि दोस्रो ठूलो मेलाको रूपमा प्रसिद्ध थियो। पोखरिया मेलाको चर्चा एक/दुई वर्षमैं शिखरमा पुग्यो। शुरूमा प्रचारप्रसारको लागि पम्पलेट बाँड्ने कार्य पोखरियालगायत पर्सा र बारासहित भारतका विभिन्न स्थानमा गर्नुपर्थ्यो। पछि व्यवसायीहरू स्वस्फूर्तरूपमा आउन थाले। जस कारण व्यवसायीहरूलाई ठाउँ उपलब्ध गराउनको लागि मेलाको क्षेत्रफल बढाउनुको विकल्प थिएन।

उक्त मेला सबै उमेर समूहका मानिसहरूका लागि उत्साहप्रद थियो। किसानहरूको उत्साह कृषि प्रदर्शनी तथा पशु खरीद–बिक्रीमा थियो। केटाकेटीहरू खानेकुरा, झुलुवा तथा विभिन्न मनोरञ्जनात्मक खेलहरूतर्फ आकर्षित हुन्थे। वृद्धवृद्धाहरूको आकर्षण धार्मिक तथा भोजपुरी सिनेमातर्फ बढी थियो। महिलाहरूका लागि सिनेमा त छँदै थियो, शृङ्गार आदि विभिन्न सामग्री खरीद गर्नेतर्फ रुचि थियो। युवा तथा वयस्कजन दिउँसो फूटबल तथा भलिबलको खेल हेरेर रमाउँथे र राति थिएटरको आनन्दमा रनभुल्ल हुन्थे। पर्सा र बाराका साथै भारतीय राज्य बिहारका दूरदराजका मानिसहरू मेला भर्न आउँथे। मानिसहरूमा यति उत्साह थियो कि पुस महीनाको बाक्लो हुस्सुले मेलाको सौन्दर्यलाई ढाक्न सक्थेन।

### मनोरञ्जन

'टिकट कट रहा है, बँट रहा है, छँट रहा है'का साथै टिकट दर र शोको समयतालिका लाउडस्पीकरमा गुञ्जित भइरहेको थियो। 'टिकट कट रहा है' भन्ने वाक्यको "टिकट कटिरहेको छ' भन्ने कुरा बुझ्न कठिन थिएन। यद्यपि 'बँट रहा है, छँट रहा है' वाक्यलाई आकर्षित पार्नको लागि जोडिएको होला भन्ने प्रतीत हुन्छ। वास्तवमा उपरोक्त पङ्क्तिको गुञ्जले मानिसहरूको ध्यान लाउडस्पीकरको ध्वनितर्फ आकर्षित हुन्थ्यो। सबैभन्दा रोमाञ्चक अवस्था त के थियो भने लालाबालाहरूले उपरोक्त वाक्यांश दिनभरि सुगाजस्तै रटिरहन्थे।

सर्कस, थिएटर, सिनेमा, झुलुवा र जादुगर आदि विभिन्न मनोरञ्जनात्मक खेलतमाशाको प्रचारप्रसार छँदै थियो। अर्कोतर्फ मिठाइ, शृङ्गार र कपडालगायतका विभिन्न खाले प्रचारहरूको आवाज लाउडस्पीकरमार्फत भीडमा ठोक्किइरहन्थ्यो। व्यवसायीहरूमध्ये कोही मूल्यसहित त कोही सामग्रीको फाइदाबारे अवगत गराइरहेका हुन्थे। यसरी मिश्रित ध्वनिको गुञ्ज नै पोखरिया मेलाको रोमाञ्चक क्षण थियो। एकअर्काबीच हुने संवादमा अवरोध पुग्नु नै सम्भवतः हल्लाजनित मेलाको वास्तविकता हो। यसैबीच बदाम, पान, बाँसुरी, बेलुन र हावा मिठाइलगायतका लाउडस्पीकर नभएका पसलहरूमा क्रेता र विक्रेताबीच दाम र मोलमोलाइका दृश्यहरू साह्रै रमाइलो किसिमका हुन्थे। लाउडस्पीकरको ध्वनि यतिविघ्न ठूलो हुन्थ्यो कि मेलामा 'फेंफडा फाड देता' (फोक्सो च्यातिरहेको छ) भनी ठूलो आवाजमा एकले अर्कालाई भन्नुपर्थ्यो। वास्तवमा मेलाजन्य भीडभाडमा सङ्केत गर्नु र बुझ्नु सबैभन्दा सजिलो उपाय हो। आम मानिस फुर्सत मिलाएर मेलापात आउने हुनाले सामग्री खरीद गर्ने मौकामा मेलाको कुनाकान्द्रा चहार्ने, थरीथरीका सामग्री हेर्ने र दाम थाहा पाउने मौका नै मेलाको सुखानुभूति थियो।

### आर्थिक कारोबार

सामान्यतया पुस महीनामा व्यापारिक कारोबार ठप्प रहन्छ। स्थानीय व्यवसायीहरूका लागि छठपछि बढी कारोबार हुने महीनाको रूपमा उहिले पुस मेलाको स्थान थियो। मेलाले स्थानीय व्यवसायीहरूको केवल १५ दिनको कारोबार सामान्य अवस्थाका तीन/चार महीनाको कारोबारको तुलनामा बढी थियो। नेपाल तथा भारतबाट सयौंको सङ्ख्यामा व्यवसायीहरू आउँथे। अपवादबाहेक उनीहरू खुशी भएर फर्किन्थे। अर्को वर्ष कहिले आउँछ भन्दै पर्खिरहन्थे। जाडोयामलाई लक्षित गरेर व्यवसायीहरू विभिन्न डिजाइनका सुइटर, मफलर, चादर, जैकेट आदि ल्याउँथे। सधैं वीरगंज र सीमापारिको सिकटा तथा रक्सौलको निर्भरता थोरै भएपनि पुस मेलामा विलीन भइसकेको थियो। पैसा भए पैसाले वा अन्नपात बेचेर भएपनि तुरुन्तै किन्न पाइने अवसरको रूपमा थियो, पोखरिया मेला। स्थानीय भिडियो हलहरू थिए। सामान्य समयमा तीन शो चल्ने भिडियो पुस मेलाको समय पाँच शोसम्म चल्थ्यो।

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–५८



महाभारतबाट सङ्कलन तथा अनुवाद

**उमाशङ्कर द्विवेदी**

तिमी त राजकुमार हौ, स्वयम् राजाको भाइ हौ र तिमीलाई नै युवराज पद प्राप्त भएको छ, फेरि पनि तिमी युद्धबाट किन भागिरहेका छौ ? तिमीले त पहिले द्रौपदीसित भनेका थियौ कि ‘तिमी त हामीले जितेकी दासी हौ। अब तिमी स्वेच्छाचारिणी भएर हाम्रो ज्येष्ठ भ्राता दुर्योधनलाई वस्त्र ल्याएर दिने गर्नु। अब तिम्रो कोही पनि पति छैनन्, ती जम्मै त तैलरहित तिलझैं साररहीन भइसकेका छन् । यस्तो ठूल्ठूला कुरा गर्ने तिमीले अब युद्धभूमिमा पिठ्यूँ किन देखाइरहेका छौ ? पहिला कपटद्यूतमा पासा फ्याँक्ने बेलामा तिमीले यो किन बुझेका थिएनौ कि एक दिन यी पासाहरू कराल बाण भइहाल्नेछन् ? शत्रुदमन, तिमी सेनाको नायक र अवलम्ब हौ, यदि तिमी भयभीत भएर युद्धभूमिबाट भाग्यौ भने अरू को नै टिक्न सक्छ र ? आज यदि एक्लै लड्दै गरेको सात्यकिसित भयभीत भएर भाग्न चाहन्छौ भने रणस्थलमा अर्जुन, भीम वा नकुल, सहदेवलाई हेरेर के गर्नेछौ ? तिमी त महाबली पुरुष हौ । जाउ छिट्टै गान्धारीको पछ्यौराभित्र गई लुक। पृथ्वीमा तिमी जहाँसुकै गएर लुक्न चाहे पनि तिम्रो प्राणको रक्षा हुनेछैन। यदि तिमीलाई भाग्न नै उचित लाग्दछ भने शान्तिको साथ राजा युधिष्ठिरलाई राज्य सुम्पिदेउ। भीष्मजीले त पहिले नै भनेका थिए– पाण्डवहरू संग्राममा अजेय छन्, तिमीले उनीहरूको साथ सन्धि गर्नुपर्दछ तर त्यस मन्दमतिले उनको सुमति मानेन । मैले त सुनेको छु कि भीमले तिम्रो रक्तपान गर्नेछन् । मलाई लाग्छ यस्तै हुनेछ । के तिमीलाई भीमसेनको पराक्रमबारे थाहा थिएन र तिमीले पाण्डवहरूसित वैर गर्‍यौ र आज युद्धभूमिबाट भाग्दैछौ ? अब जहाँ सात्यकि छन्, त्यही रथलाई लैजाऊ, होइन भने तिमीविना सम्पूर्ण सेना भागिहाल्नेछ । जाउ, संग्राममा वीर सात्यकिसित भीड।

आचार्यले यस प्रकारले भनिरहँदा दु:शासनले केही पनि उत्तर दिएन । आचार्यका कुरालाई नसुनेकोझैं गरेर युद्धमा पिठ्यूँ नफर्काउने यवनहरूको भारी सेना लिएर सात्यकितिर लागे र बडो सावधानीका साथ सात्यकिसित संग्राम गर्न थाले । रथीहरूमा श्रेष्ठ द्रोणाचार्य पनि क्रोधित भई मध्यम गतिले पाञ्चाल र पाण्डवसेनामाथि जाइलागे । उनले सयकडौं हजारौं योद्धालाई युद्धभूमिबाट लखेट्न थाले। त्यति बेला आचार्य द्रोण आफ्नो नाम सुनाउँदै पाण्डव, पाञ्चाल



र मत्स्य वीरहरूको घोर संहार गर्न थाले। जतिबेला उनी यस प्रकारले सेनाहरूलाई परास्त गरिरहेका थिए, त्यति बेला उनको सामु परम तेजस्वी पाञ्चाल राजकुमार वीरकेतु आए। उनले पाँचवटा तिक्खर बाण द्रोणाचार्यलाई, एउटा बाणबाट ध्वजालाई र सातवटा बाण सारथिलाई हाने। यतिबेला बडो आश्चर्यजनक कुरा भयो कि आचार्यले वीरकेतुलाई आफ्नो काबुमा पार्न सकेनन्। संग्राममा आचार्यको गति रोकिएको हेरेर महाराज युधिष्ठिरको भलो चाहने पाञ्चाल वीरहरूले उनलाई चारैतिरबाट घेरामा हाले। सबैजना मिलेर उनीमाथि बाण, तोमर तथा अन्य थरीथरीका अस्त्रशस्त्रहरूको वर्षा गर्न थाले। अनि आचार्यले वीरकेतुको रथतिर एउटा बडो भयङ्कर बाण हाने। त्यो बाणले वीरकेतुलाई घाइते पारेर पृथ्वीमाथि खसालिदिए र त्यसको प्रहारबाट प्राणहीन भएर ती पाञ्चालकुमार रथबाट तल झरिहाले।

त्यस महान् धनुर्धर राजकुमार मारिएपछि पाञ्चाल वीरहरूले बडो फुर्तीका साथ आचार्यलाई चारैतिरबाट घेरामा हाले। चित्रकेतु, सुधन्वा, चित्रवर्मा र चित्ररथ–यी सबै राजकुमार आफ्नो भाइको मृत्युबाट व्यथित भई द्रोणाचार्यको साथमा युद्ध गर्नको लागि उनको सामु आएर वर्षाकालीन मेघझैं उनीमाथि बाणको झरी लगाइदिए। यसबाट विप्रवर द्रोण अत्यन्त क्रोधित भई उनीहरूमाथि बाणको जालझैं फैलाइदिए। यसबाट ती राजकुमारहरू किंकर्तव्यविमूढ भए। अनि सजिलैसित आचार्यले उनीहरूको रथ, सारथि र घोडाहरू नष्ट पारिदिए तथा अत्यन्त तीखो भल्ल हानेर उनीहरूको मस्तक पनि काटी खसालिदिए । यस प्रकार ती राजपुत्रहरूको वध गरेर आचार्यले आफ्नो धनुषलाई मण्डलाकार रूपमा घुमाउन थाले।

यो हेरेर धृष्टद्युम्नलाई बडो उद्वेग भयो। उनको नेत्रबाट आँसु झर्न थाल्यो। उनी अत्यन्त क्रोधित भएर आचार्यको रथमाथि जाइलागे। धृष्टद्युम्नका बाणबाट द्रोणको गति थामिएको हेरेर संग्रामभूमिमा हाहाकार हुन थाल्यो। उनी क्रोधित भएर आचार्यको छाती ताकेर नब्बेवटा बाण हाने । यसबाट आचार्य रथको गद्दीमाथि थचक्क बसेर मूर्छित भए । धृष्टद्युम्नले धनुषलाई बिसाएर हातमा एउटा तेज तरबार लिई आफ्नो रथबाट हाम्फाली त्वरित गतिले आचार्यको रथमाथि चढे। उनले आचार्यको शिर काट्नै लागेका थिए कि द्रोणको मूर्छा हट्यो। आफ्नो अन्त गर्नको लागि धृष्टद्युम्न आफ्नो रथमाथि चढिआएको हेरी उनले नजीकैबाट प्रहार गर्न सक्ने वितस्त नामक बाण हान्न थाले। ती बाणको प्रहारबाट धृष्टद्युम्नको उत्साह भङ्ग हुन पुग्यो तथा उनी तुरुन्त आचार्यको रथबाट हाम्फालेर आफ्नो रथमा फर्किआए। अब उनीहरूले एकअर्कामाथि बाण हान्न थाले। दुवैजनाले सम्पूर्ण आकाश, दिशा र पृथ्वीलाई बाणबाट आच्छादित पारिदिए । उनीहरूको युद्धकौशलको सबैजनाले प्रशंसा गर्न थाले। द्रोणाचार्यले बडो फुर्तीका साथ धृष्टद्युम्न चढेको रथको सारथिको शिर काटी खसाले। यस कारण रथमा जोतिएका घोडाहरू युद्धक्षेत्रबाट भागिहाले। आचार्य सृञ्जय र पाञ्चाल वीरहरूका साथ युद्ध गर्न थाले तथा उनीहरूलाई परास्त गरेर आफ्नो व्यूहमा आएर उभिए। क्रमशः...

## इतिहासको पानामा.......

यसरी आर्थिक कारोबारको दृष्टिकोणले पोखरिया मेला उपलब्धिमूलक थियो।

**खाद्यान्नको अग्रिम प्रबन्ध**

पोखरिया आसपासका बासिन्दाहरूले मेला प्रारम्भ हुनुभन्दा पहिलेदेखि खाद्यान्नको अग्रिम प्रबन्ध गर्नुपर्थ्यो । किनभने मेला शुरू भएपछि पाहुनाहरूको आगमन निश्चित थियो। पुस मेलाको अवसरमा छोरीचेलीहरूलाई नबोलाइ रमाइलो नै लाग्थेन । पोखरिया तथा आसपासका सतवरीया, वनकटवा, बर्वा, सेमरवारी, रानीगंज, श्रीसिया, वसन्तपुर, लमरिया, डमरापुरलगायतका गाउँहरू मेला अवधिभर पाहुनाहरूले भरिभराउ हुन्थे। एक पाहुना जान्थे त अर्को पाहुनाको आगमन हुन्थ्यो । नातागोतामा पर्ने आफन्तजन त आउँथे नै, नातासम्बन्ध भएका गाउँका अन्य मानिसहरूको आगमन पनि हुन्थ्यो । कतिपय पाहुना साँझपख आइपुग्थे, साइकल राख्थे र मेलामा फुर्र हुन्थे, उतै खान्थे र थिएटरको शो समाप्त भइसकेपछि रातिको तीन बजे फर्किन्थे।

यही सेरोफोरोमा पोखरिया मेलाको प्रारम्भकालका नेतृत्वकर्ता तथा सम्बद्ध व्यक्तित्वहरूसँग भएको कुराकानीको संक्षिप्त अंश:

**नरेन्द्र तिवारी (समाजसेवी)**

पर्साको दोस्रो सदरमुकामको रूपमा



पोखरियाको नाम आउँथ्यो । यद्यपि बाहिरी दुनियाँसँग पोखरिया खासै परिचित थिएन । मेलाको शुभारम्भपश्चात् पर्सा र बाराका साथै सीमापारिसम्म पोखरियाको पहिचान स्थापित भयो।

मुक्तिनारायण चौहान तत्कालीन पोखरिया पञ्चायतका प्रधानपञ्च थिए। उनीसँग मेरो उठबस थियो । पोखरियालाई कसरी पहिचान दिलाउन सकिन्छ भन्ने चर्चा शुरू भयो । सरोकारवाला सबै पक्षसँग कुराकानी भयो । चौतर्फी सहमतिका बावजूद असहमति जनाउने व्यक्तित्वहरू थिएनन् भन्ने होइन। तर राम्रो कामका लागि प्रधानपञ्च चौहान अडान लिने प्रवृत्तिका व्यक्तित्व थिए। पोखरिया आसपासका प्रधानपञ्चलगायत समग्र विशिष्ट व्यक्तिहरूसँग विमर्श भयो। पर्साको मुडली निवासी तत्कालीन क्रमशः विद्युत्मन्त्री समसुलहक मियाँ, धोरे निवासी भूमिसुधारमन्त्री जयप्रकाश मलाहा तथा धोबिनी निवासी जिल्ला विकास समिति, पर्साका सभापति फजिल अहमदसँग समेत छलफल भयो । ती सबैको प्रोत्साहन, आमजनताको सहयोग र आयोजकको निष्ठापूर्ण परिश्रमले मेलाको कल्पना फलीभूत भयो।

उहिले वीरगंजबाहेक पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा बिजुली थिएन । समकुलहक मियाँ तत्कालीन विद्युत्मन्त्री थिए । उनकै पहलमा वीरगंजदेखि पोखरियासम्म विद्युत् प्रसारण लाइनको सबै काम सम्पन्न भइसकेको थियो । मिटर जडान नभएकोले विद्युत् सप्लाई भएको थिएन । मेलामा विद्युत्को आवश्यकतालाई अघि सारेर विसं २०४० मा मेलाको केही दिनअघि पोखरियामा विद्युत् सुचारु भयो। त्यसपछि मेलाप्रति जनभावना झन् एकबद्ध भयो । सबैमा उत्साह वृद्धि भयो। त्यो खुशी र उत्साह वर्णन गरेर साध्य छैन।

मेलाका लागि आवश्यक संसाधनको सूची तयार भयो। कामको जिम्मेवारी बाँडफाँड भयो। मनोरञ्जनका संसाधन कहाँबाट र कसरी ल्याउने भन्ने जिम्मेवारी मलाई सुम्पियो । भारतको पश्चिम चम्पारणको लौरिया भन्ने स्थानमा मेला लागेको थियो । म त्यहीं गएँ । थिएटरबाहेक झुलुवा र जादुगर आदिको कुरा टुङ्गियो। थिएटरका लागि त्यहाँका मुखियाले मलाई मुजफ्फरपुरदेखि चालीस किमी पूर्व सुस्ता मेला जान सुझाए। म त्यहींबाट सुस्ताको लागि हानिएँ । सुस्ता पुगें । थिएटरको कुरा फत्ते गरेर पोखरिया फर्किएँ । पुस १४ आयो। मेला लाग्यो। मेलाको समयावधि १० दिनको थियो । यद्यपि मेला प्रत्येक वर्ष पुस १४ गतेदेखि शुरू भएर माघे सङ्क्रान्तिसम्म लाग्थ्यो। दोस्रो वर्षदेखि मेलामा सर्कस पनि थप भयो । मेला लाग्न थालेको एक/दुई वर्षपछि व्यापारीहरूलाई ठाउँ उपलब्ध गराउन हम्मेहम्मे पर्न थाल्यो। मलाई याद भएसम्म सम्भवत: मेला विसं २०५३/५४ सालसम्म अस्तित्वमा थियो । त्यो पुस मेलाको रमझम कहिल्यै बिर्सन सकिंदैन।

**हजारी साह (पूर्वमुखिया)**

म पर्साको तत्कालीन लखनपुर–बलुवा



पञ्चायतको मुखिया थिएँ । राजा वीरेन्द्रको जन्मोत्सवको अवसरमा २०४० पुस १४ गतेदेखि पोखरियामा मेला लाग्ने क्रम शुरू भयो । यस कार्यका लागि तत्कालीन पोखरिया पञ्चायतका मुखिया मुक्तिनारायण चौहानको अतुलनीय भूमिका थियो । पोखरियावरिपरिका पञ्चायत प्रमुखहरूसँगको छलफलमा म पनि सहभागी थिएँ। मेलाप्रति मेरो पूर्ण समर्थन थियो। मुक्तिनारायण चौहानमा सबैभन्दा अक्षुण्ण गुण के थियो भने उनी साहसी र निडर प्रवृत्तिका व्यक्तित्व थिए। सधैं राम्रो सोच्थे र सोचेको काम गरेर छाड्थे। मेलाको परिकल्पना उनकै थियो । चौतर्फी साथ र समर्थन पाउन थालेपछि मेलाको काम अघि बढ्यो । जिम्मेवारी बाँडफाँड भयो । मुक्तिनारायण चौहानका साथै तत्कालीन उपप्रधानपञ्च अयोध्या साह रौनियार, नरेन्द्र तिवारी, प्रधानाध्यापक रामनारायण चौरसियालगायत विभिन्न मुखिया तथा जिल्ला नेतृत्वकर्ताहरूको अहम् भूमिका थियो।

राजनीतिबाहेक सिनेमा मेरो अतिरिक्त व्यवसाय थियो। पुस महीनामा सम्भवत: एकमात्र पोखरिया थियो, जहाँ भव्य मेला लाग्थ्यो । शुरूको वर्षमैं कल्पनाभन्दा बढी उत्साह देखियो । मनोरञ्जनका विभिन्न संसाधनहरू थिए, तर सिनेमाको सवालमा शुरूको तीन वर्ष एकमात्र मेरो सिनेमाघर थियो। त्यसपछि तीनवटा सिनेमाहल थप भयो । खेतमा चारैतिरबाट तारकाँटीले घेर्नुपर्थ्यो। बाँस गाडेर कपडाले तयार सिनेमाहलमा कपडाको पर्दामा सिनेमा चल्थ्यो । दर्शकहरूलाई बस्नका लागि पराल बिछ्याइन्थ्यो। शुरूमा दुई रुपैयाँ टिकट दर थियो।

मानिसहरूले भन्थे– “हजारी के सिनेमा खूब चलता, पैसा बोरा में ठुस के ले जातारन।” तर अवस्था के थियो भने म मुखिया भएकोले प्राय: मानिसहरूसँग चिनजान थियो। जिल्लाका मुखियाजीहरूसँग पनि उत्तिकै हेलमेल थियो । त्यस कारण जति मानिसहरू सिनेमा हलमा छिर्थे, त्यसमा आधा टिकटधारी र आधा सिफारिशधारी हुन्थे। यद्यपि सिनेमामा मानिसहरूको भीड देखेर मन प्रफुल्लित नहुने कुरै थिएन। भोजपुरी र धार्मिक फिल्म चल्थ्यो । कहिल्यै सिनेमा नदेखेका ग्रामीण मानिसहरूका लागि विभिन्न मनोरञ्जनका साधन द्वारमा आउनु नै पहिलो उपलब्धि थियो । शुरूको तीन वर्ष ‘सबनम’ थिएटर आयो। त्यसपछि ‘डेजी किरण’ थिएटर आउन थाल्यो। सबैभन्दा रोचक कुरा त के हो भने पुस १३ गतेसम्म घाम लाग्थ्यो र १४ गतेदेखि मसान्तसम्म घामको दर्शन दुर्लभ हुन्थ्यो। कुहिरोको प्रकोपले पनि मेलाको रौनकमा कुनै कमी हुन्थेन। विसं २०४६ को परिवर्तनपछि मेलाको रौनक बिस्तारै कम हुँदै गयो र केही वर्षपछि पोखरिया मेला सदाका लागि अस्त भयो।

**रामेश्वर रौनियार (नेता, नेपाली काङ्ग्रेस)**

पर्सा जिल्लामा वीरगंजपछि



पोखरियाको स्थान थियो र अहिले पनि छ । यद्यपि उहिले पोखरिया स्थानीयस्तरमा एउटा सानो बजारको रूपमा चिरपरिचित थियो । स्व मुक्तिनारायण चौहान तत्कालीन प्रधानपञ्च र मेरो बुबा स्व अयोध्याप्रसाद रौनियार तत्कालीन उपप्रधानपञ्च हुनुहुन्थ्यो। उहाँहरूको नेतृत्वमा मेलाको शुभारम्भ भएको मलाई याद छ । उहाँहरूले विभिन्न सरोकारवाला निकायसँग विमर्श गर्नुभयो । विभिन्न व्यक्तित्वहरूको साथ, समर्थन र सहयोगले उहाँहरूको कल्पना सार्थक भयो । तत्पश्चात् तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सवको अवसरमा विसं २०४० पुस १४ गतेदेखि ‘कृषि रमाइलो मेला’को शुभारम्भ भयो। झन्डै १२/१३ वर्षसम्म मेला लाग्यो । मुख्यरूपमा किसान र कृषि उत्पादको उत्थानको साथै पोखरियाको पहिचान स्थापित गर्नु नै मेलाको मुख्य उद्देश्य थियो। कृषि प्रदर्शनी तथा पशु खरीद–बिक्रीका साथै विभिन्न मनोरञ्जनात्मक खेलतमाशा आदिले मेलाको रौनक उत्साहमय थियो। मलाई याद भएसम्म विसं २०५३ सालताका तत्कालीन पोखरिया गाविसको अध्यक्ष हुँदा आफ्नै नेतृत्वमा मेला लगाउने अवसर पाएको थिएँ।

**प्रद्युम्न चौहान (नेता, नेकपा एमाले)**

विसं २०४० सालताका म विद्यार्थी



थिएँ । मेला लाग्न थालेपछि अन्य मानिसहरू जस्तै म पनि असाध्यै खुशी हुन्थें । मनोरञ्जनका विभिन्न संसाधन थलोमैं आउने भएपछि मन प्रसन्न नहुने कुरै थिएन । त्यति बेला बुबा (स्व मुक्तिनारायण चौहान) प्रधानपञ्च हुनुहुन्थ्यो। पोखरियाको उत्थानको लागि मानवीय चहलपहल बढाउने खालका उत्सवको आवश्यकता बुबाको मनमा पहिलेदेखि खेलिरहेको थियो । शुरूमा उनले आफ्नो मनको विचार सत्तासाझेदारलगायत विभिन्न व्यक्तित्वहरूमाझ राख्नुभयो । विमर्श गर्नुभयो । तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सवको अवसरमा मेला लगाउने कुरामा सबैको राय एक थियो । पोखरियाका जनता तथा यहाँका विभिन्न व्यक्तित्वहरूको साथ र समर्थनले नै बुबाको कल्पना साकार भएको थियो । त्यसपछि पर्साको मुडली (हाल कालिकामाई गापामा पर्छ) निवासी समसलुहक काका (तत्कालीन मन्त्री), फजिल अहमद (सभापति, तत्कालीन जिल्ला विकास समिति, पर्सा) तथा तत्कालीन वीरगंज नगरपालिकाका प्रमुख विमल (श्रीवास्तव) काकाको अहम् भूमिका थियो। मेला लाग्न थालेको झन्डै १०–१२ वर्षपछि म तत्कालीन पोखरिया गाविसको अध्यक्ष हुँदा मेलाको नेतृत्व गर्ने अवसर पाएँ।

# लभ इन वीरगंज



धारावाहिक नाटक

**समीर पाखिन**

इमानसिंह : दिनरात घरबेटीसित कुकुर बिरालो जस्तो बाझिरहने आमाछोरीलाई छाडेर जान्छु होला त म ?

सुशीला : (उठेर) आ ... जेसुकै गर्नोस्। यसो भन्दा पनि हुँदैन उसो भन्दा पनि हुँदैन। ल म खाना पकाउन बसें।

ooo

समय : दिउँसो। स्थान : प्रीतमको घरको आँगन।

रीता कपडा धुँदैछे। प्रीतम नजीकै बसेर बाइक सफा गरिरहेकै बेला उषाको फोन आउँछ। उषाको नम्बर देखेपछि प्रीतम रीतादेखि केही पर गएर कुरा गर्न थाल्छ। रीताले प्रीतमसित कसको कुरा हुन्छ भनेर चियो गर्न घरपछाडिबाट नजीकै गएर उभिन्छे र फोनवार्ता सुन्ने कोशिश गर्छे।

प्रीतम : हेलो उषा, अँ के छ त तिम्रो खबर ? मेरो पनि राम्रै छ । अहिले क्याम्पसमा अरे ? अँ कहिले सोमवार ? सोमवार त भोलि हो। के भोलि तिम्रो बर्थ डे अरे ? वाह ! त्यसो भए मज्जा आउने भो। अनि गिफ्टमा के दिऊँ ? ल ल भइहाल्छ नि ? अनि यो पालि पनि गोपाल मिष्टान्न भण्डारमा डोसा खाने होइन त ? साँच्चै ! गोपाल मिष्टान्न भण्डारको डोसा चाहिं भुल्नै नसकिने रहेछ । के यो पालि रातो ज्याकेटमा आउनु अरे ? किन ? ल ल । अँ म तिमीलाई पछि कल गर्छु अहिले राख।

(प्रीतमको वार्तालाप सुनेपछि रीता दौड्दै आएर फेरि कपडा धुन बस्छे। मानौं ऊ पहिलेदेखि नै कपडा धोइरहेकी छे।) रीता, मेरो त्यो रातो ज्याकेट पनि धोइ दे है।

रीता : त्यो रातो ज्याकेट त अब नलगाए पनि हुने, पुरानो भइसक्यो।

प्रीतम : कसले भन्यो पुरानो भयो भनेर ? त्यो मेरो फेवरेट ज्याकेट हो। खुरुक्क धोई हाल् त।

रीता : (स्वयम्सित) फेवरेट त किन नहोस् फर्माइस् भएपछि । भोलि फेरि यो प्रीतम वीरगंज जाला जस्तो छ । यसपालि यसको भण्डाफोर नगरी भएन।

ooo

समय : दिउँसो । स्थान : क्याम्पसतिर जानेबाटो । क्याम्पसबाट फर्कने क्रममा तीनजनाबीच वार्तालाप हुँदैछ।

सुषमा : उषा, प्रीतमजीले तँलाई प्रोपोज गर्‍यो ?

उषा : अँह गरेको छैन । एउटा विशेष कुरा भन्नु छ भन्दैथ्यो । शायद त्यही कुरा पो हो कि ? भोलि प्रीतम मलाई भेट्न वीरगंज आउँदैछ।

मनीषा : ए साँच्ची ! भोलि तेरो बर्थ डे पनि हो होइन त ?

उषा : हो, यसैले त बोलाएकी । उसले प्रोपोज गरेन भने म आफैं गर्छु।

सुषमा : ठीक भनिस् कसै न कसैले त शुरू गर्नुपरिहाल्छ नि। बिचरा अङ्कित !

उषा : अङ्कित आफैं भुखमरी छ। ऊसित कहिले पनि खल्तीमा पैसा हुँदैन। यसैले मैले नै ब्रेकअप गरें।

मनीषा : ए, ब्रेकअप नै भइसक्यो ?

उषा : अस्ति, शहीद स्मारकबाट फर्के लगत्तै मैले ब्रेकअप गरें।

सुषमा : बिचरा अङ्कित ! केटो त ह्यान्डसम नै हो।

मनीषा : त्यही त बाइकवाला पाएपछि अङ्कित जस्तो केटाको के काम होइन त ?

ल म माईस्थानतिर हिंडें बाई।

घण्टाघर चोक पुगेपछि मनीषा रानीघाटतिर, सुषमा मेनरोडतिर र उषा सैनिक ब्यारेक हुँदै श्रीपुरतिर लाग्छे।

ooo

समय : बिहान १० बजे। स्थान : प्रीतमको घर।

प्रीतम तम्तयार भएर ऐनाअघि गुनगुनाउँदै कपाल कोर्दैछ । रीताले पछिल्तिर उभिएर प्रीतमको चालढाल हेर्दैछे।

रीता : (स्वयम्सित) पक्कै यो प्रीतम आज पनि वीरगंजतिर जान लागेको जस्तो छ । (प्रीतमको ध्यान आकर्षण गर्दै) तिमी फेरि आज कहाँ जान लागेको ?

प्रीतम : मोटरसाइकलको लाइसेन्स रिन्यू गर्न वीरगंज जान लागेको।

क्रमश:

# अन्तर्राष्ट्रिय समाचार

## नयाँ दिल्लीमा ओमिक्रोन भेरिएन्ट समुदायस्तरमा फैलिएको पुष्टि

नयाँ दिल्ली १६ पुस/सिन्हवा

दिल्ली सरकारका स्वास्थ्यमन्त्री सत्येन्द्र जैनले नयाँ दिल्लीमा कोरोना भाइरसको घातक मानिएको ओमिक्रोन भेरिएन्ट समुदायस्तरमैं पुगेको बताएका छन्। हालैका स्वास्थ्य वैज्ञानिकहरूका अनुसन्धानबाट ओमिक्रोन समुदायमैं पुगेको पाइएको अधिकारीहरूले जनाएका उनले बताए।



ओमिक्रोनको खतरा बढेसँगै दिल्लीका बजारहरु पालैपालो खुल्ने भएका छन्। यहाँ मिनी लकडाउन लगाइएको छ। फोटो : एजेन्सी

अनुसन्धानबाट ओमिक्रोनको सङ्क्रमण समुदायमा पुगेको पाइएको छ भन्दै उनले यहाँ पछिल्ला समयमा फैलिएको कोरोना सङ्क्रमणका ४० प्रतिशतभन्दा बढी सङ्क्रमितहरू त ओमिक्रोनकै भएको बताए। उनले भने–अनुसन्धानबाट यो देखिएको छ कि यहाँका सङ्क्रमितहरूमा ओमिक्रोनको सङ्क्रमण बढी देखिएको छ। त्यस्तो सङ्क्रमण बाहिरबाट आएका मानिस र यहीं बस्ने मानिसमा पनि देखिएको छ। त्यसैले यो भेरिएन्ट समुदायसम्म नै पुगेको पाइएको छ।

कतै पनि नगएका नागरिकमा यस्तो सङ्क्रमण पाइएको छ, अनि यस्तो अवस्थामा हामीले निकालेको निष्कर्ष यो हो कि यहाँ समुदायस्तरकै नागरिकसम्म यसको सङ्क्रमण पुगेको छ। भारतमा ओमिक्रोनको सङ्क्रमण भित्रिएको धेरै भएको छैन, तर यहाँका नागरिकमा निकै तीव्र गतिमा यो फैलिएको छ–उनले भनेका छन्।

**नयाँ दिल्ली र मुम्बइमा नयाँ वर्षका कार्यक्रमहरुमा कडाइ**

मुम्बई/सिन्हवा

नयाँ दिल्ली र मुम्बईमा पछिल्लो समय कोरोना भाइरसको प्रकोप बढ्दै गएपछि यहाँ नयाँ वर्षका कार्यक्रमहरूमा कडाइ गरिएको छ। भारतको नयाँ दिल्ली र मुम्बईमा पछिल्ला केही हप्तामा सङ्क्रमण बढेको हो। यहाँ कोरोनाको ओमिक्रोन भेरिएन्ट झन् ठूलो मात्रामा बढेको छ।

यहाँका सरकारहरूले कोरोना भाइरस र त्यसमा पनि ओमिक्रोनको प्रकोप बढेपछि नयाँ वर्ष मनाउन सार्वजनिक स्थानहरूमा गर्ने समारोह, मेला तथा जमघटलगायत कुनै पनि कार्यक्रम नगर्न सूचना जारी गरेका हुन्। बिहीवार मात्र भारतभर १२७० जना ओमिक्रोनका सङ्क्रमित भेटिएका छन्। तीमध्ये नयाँ दिल्लीमा मात्र ३२० जना पाइएका छन्। त्यसपछि धेरै मुम्बईमा पाइएका छन्।

यसरी प्रत्येक दिन ओमिक्रोन भेटिन थालेपछि सरकारले सार्वजनिक स्थलहरूमा हुने कार्यक्रमहरूमा प्रतिबन्ध लगाएको बताइएको छ। भारतको राजधानी नयाँ दिल्ली तथा आर्थिक राजधानी मानिने भारतीय ठूलो शहर मुम्बईमा नयाँ वर्षका कार्यक्रमहरूको आयोजना गरिएको र त्यसका कारण झन् सङ्क्रमण बढ्ने आशङ्का गरिएकोले सरकारले सार्वजनिक स्थलमा जमघट हुने र नयाँ वर्षका कार्यक्रमहरू गर्ने काममा प्रतिबन्ध लगाएको हो।

दिल्ली सरकारले यस अघि नै रातिमा कर्फ्यु नलगाइने तर मानिसहरू जमघट हुने र समारोह गर्ने काममा प्रतिबन्ध लगाइएको जनाएको छ। नयाँ दिल्ली राज्यका स्वास्थ्यमन्त्री सत्येन्द्र जैनले गत हप्ता मात्र यहाँ प्रत्येक दिन कम्तीमा पनि १५० जना मात्र सङ्क्रमित पाइएकामा हिजोआज दिनहुँ हजारभन्दा बढी सङ्क्रमित भेटिएका बताए।

**भारतमा कोरोना भाइरसबाट थप १६ हजार ७६४ सङ्क्रमित**

नयाँ दिल्ली १६ पुस रासस/एएनआई :

भारतमा कोरोना भाइरसबाट थप १६ हजार ७६४ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। यससँगै भारतमा कुल कोरोना सङ्क्रमितको सङ्ख्या तीन करोड ४८ लाख ३८ हजार ८०४ पुगेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। गत २४ घण्टामा थपिएका सङ्क्रमितमध्ये एक हजार २७० जना ओमिक्रोन भेरिएन्टका रहेका छन्।

सोही अवधिमा थप २२० जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यससँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८१ हजार ८० पुगेको मन्त्रालयले जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या ९१ हजार ३६१ छ। अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या कुल सङ्क्रमित सङ्ख्याको ०.२६ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ।

गएको २४ घण्टामा भारतमा सात हजार ५८५ जना कोरोनामुक्त भएका छन्। यससँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४२ लाख ६६ हजार ३३६ जना कोरोना सङ्क्रमणबाट निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.३६ प्रतिशत रहेको जनाइएको छ।

भारतमा कोरोना शुरू भएदेखि हालसम्म ६७ करोड ७८ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ जनवरी १६ सन् २०२१ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४४ करोड ५४ लाख बढी डोज खोप लगाइएको जनाइएको छ।

**अमेरिकीमा ८० प्रतिशत आईसीयू बेडहरू भरिभराउ**

वाशिंगटन/एएनआई/स्पुतनिक

संयुक्त राज्य अमेरिकाको स्वास्थ्य सेवा प्रणाली कोभिड–१९ ओमिक्रोन संस्करणको फैलावटका कारण अभूतपूर्व ओभरलोड अनुभव गरिरहेको छ। सघन उपचार एकाइ (आइसियु) मा ७८५ बेड भरिभराउ छन्। जर्ज वाशिंगटन युनिभर्सिटी अस्पतालका प्रकोप चिकित्सा प्रमुख डा जेम्स फिलिप्सले उक्त जानकारी दिएको बिहीवार सिएनएनले जनाएको छ।

यो हप्ता अमेरिकामा महामारीको रेकर्ड बनेको छ जहाँ दैनिक कोभिड–१९ का घटनाहरू पाँच लाखभन्दा माथि छ। योसँगै अस्पताल भर्ना हुने सङ्क्रमितको सङ्ख्या नाटकीयरूपमा बढेको छ। केही राज्यहरूमा लगभग तीन गुणा बढेको छ र स्वास्थ्य सेवा सुविधा प्रवाहमा जटिलता थपिएको छ।

अमेरिकाको स्वास्थ्य र मानव सेवा विभागको तथ्याङ्क अनुसार बिहीवारसम्म ७८५ आइसियु बेड भरिएका छन् जसमध्ये २२५ कोभिड–१९ का बिरामी छन्।

अन्य धेरै देशजस्तै अमेरिकाले अब ओमिक्रोन महामारीको नयाँ लहरको सामना गरिरहेको छ।

**बिहीवार विश्वभर २८ सयभन्दा बढी उडान रद्द, १२ हजार विलम्ब**

कोरोना भाइरसको ओमिक्रोन संस्करणले एयरलाइन्सहरूमा कर्मचारी अभावको कारण बिहीवार विश्वभर २,८०० भन्दा बढी उडान रद्द भएका छन् भने झन्डै १२,००० भन्दा बढीको उडानमा विलम्ब भएको ट्र्याकिङ वेबसाइट फ्लाइटअवेयरले देखाएको छ।

"हामी २ जनवरी २०२२ भन्दा पहिले निर्धारित गैरआवश्यक यात्रा गर्ने यात्रीहरूलाई हाम्रो लचिलो ट्राभल नीति प्रयोग गरी आफ्नो यात्रालाई पछिको मितिमा परिवर्तन गर्न विचार गर्न दृढताका साथ आग्रह गर्दछौं"– जेटब्लुले विज्ञप्तिमा यात्रीहरूलाई अनावश्यक उडान पुनः तालिकाबद्ध गर्नेबारे सोच्न प्रोत्साहित गर्दै उक्त आग्रह गरेको छ।

ओमिक्रोन भेरिएन्टले संयुक्त राज्य अमेरिकालाई नराम्ररी प्रभावित पारेको र जाडोले थप उडान रद्द गरेको छ।

## कराँचीमा एएसआईसहित दुई जनाको गोली हानी हत्या

इस्लामाबाद, १६ पुस/एएनआई

पाकिस्तानको करॉंचीमा शुक्रवार सिन्ध पुलिसका सहायक उपनिरीक्षक (एएसआई) सहित दुईजनाको गोली हानी हत्या भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

यो घटना करॉंचीको सोल्जर बजार नम्बर २ क्षेत्रमा भएको हो, जियो न्युजले वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) पूर्व, कमर रजा जसकानीलाई उद्धृत गर्दै लेखेको छ।

पाकिस्तानी प्रकाशनका अनुसार पीडितहरू जावेद बलोच र मोहम्मद मुकाद्दस मोटरसाइकलमा यात्रा गर्दै थिए, जब दुईवटा मोटरसाइकलमा आएका चार संदिग्धहरूले उनीहरूलाई पछ्याएर गोली प्रहार गरेका थिए।

मृतकहरू लियारीको चकीबारा गाउँपालिकाका बासिन्दा हुन्।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार गोली प्रहारमा ९ एमएमको पेस्तोल प्रयोग गरिएको थियो। घटनास्थलबाट १३ थान ९ एमएमको पेस्तोल, गोला–बारूद बरामद गरिएको जियो न्युजले जनाएको छ।

प्रारम्भिक अनुसन्धानले व्यक्तिगत दुश्मनीका कारण घटना भएको देखाएको छ। रासस

**रजिष्ट्रेशन प्रमाणपत्र हराएको सूचना**

भारतीय महावाणिज्य दूतावास, वीरगंजले मिति २०७८ कात्तिक ५ गते सौरभ कुमारको नामबाट जारी गरेको रजिष्ट्रेशन प्रमाणपत्र सन् २०७८ पुस १४ गतेका दिन वीरगंज, घण्टाघरबाट घर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मो.नं. ९८१७२८८४४८ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

## पोषण कार्यक्रमलाई जनस्तरसम्म लैजानुपर्छ –मुख्यमन्त्री राउत

जनकपुर, १६ पुस/रासस



तस्वीर: प्रतीक

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउतले पोषणसम्बन्धी कार्यक्रम जनस्तरसम्म लैजानुपर्ने बताएका छन्।

राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिद्वारा आज जनकपुरधाममा आयोजित 'बहुक्षेत्रीय पोषण योजनासम्बन्धी' प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उनले पोषणसम्बन्धी सञ्चालित कार्यक्रम व्यवहारमा उत्रिन नसकेकोले यसलाई जनस्तरसम्म लैजानुपर्ने बताएका हुन्।

मुख्यमन्त्री राउतले अन्नको भण्डारको रूपमा रहेको प्रदेश नं २ मा बालबालिका कुपोषणको शिकार हुनुका प्रमुख कारण यससम्बन्धी जानकारीको आभाव रहेको उल्लेख गर्दै कुपोषणको समस्यामा सुधार ल्याउन पोषणसम्बन्धी कार्यक्रमलाई जनजनसम्म लैजानुपर्नेमा जोड दिनुभयो।

प्रदेश नं २ अन्नको भण्डार मात्र नभई दूध, फलफूललगायत खाद्य सामग्रीको पर्याप्तता हुँदाहुँदै यसको उपयोगसम्बन्धी जानकारीको आभावमा बालबालिका कुपोषणको शिकार हुनु दुःखद् रहेको बताउँदै उहाँले पोषणसम्बन्धी तथ्याङ्कले प्रदेशको अवस्था सुधारोन्मुख रहेको देखाए पनि सन्तोषजनक नरहेको उल्लेख गर्नुभयो।

सो अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य डा उमाशङ्करप्रसाद साहले पोषणसम्बन्धी कार्यक्रमलाई शहरी क्षेत्रमा नभई ग्रामीण क्षेत्रसम्म विस्तार गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय योजना आयोगका सहसचिव डा किरण रूपाखेती, पोषण कार्यक्रम निर्देशक लक्ष्मी घिमिरे, पोषण शाखा प्रमुख लिलाविक्रम थापा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव वसन्त अधिकारी, प्रदेश नीति आयोगका दानीकान्त झालगायतले प्रदेश नं २ मा पोषणको अवस्था र सुधारका लागि अपनाउनुपर्ने नीतिका विषयमा सहजीकरण गरेका थियो।

## नेका महामन्त्री श्रेष्ठको ठोरीमा स्वागत

चिरञ्जीवी सापकोटा, ठोरी, १६ पुस/

नेपाली काङ्ग्रेसको १४ औं महाधिवेशनबाट प्रदेश नम्बर २ को महामन्त्री निर्वाचित नेपाली काङ्ग्रेस ठोरीका नेता वृहस्पतिकृष्ण श्रेष्ठलाई ठोरीको पाँचवटै वडामा भव्य स्वागत तथा सम्मान गरिएको छ।


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेता वृहस्पतिकृष्ण श्रेष्ठ (बीचमा)। तस्वीरः प्रतीक

आज ठोरी गाउँपालिका–५ सुवर्णपुरमा भेला भएका नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ताहरूले नवनिर्वाचित महामन्त्री श्रेष्ठको भव्य स्वागत तथा सम्मान गरेका थिए।

सुवर्णपुरपछि ठोरी–४ विजयबस्तीमा पनि महामन्त्री श्रेष्ठको स्वागत तथा सम्मान गरिएको थियो।

ठोरी–३ पार्टी कार्यालयमा पनि नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ताहरूले नवनिर्वाचित महामन्त्रीको स्वागत तथा सम्मान गरेका थिए। ठोरी– २ भन्सार परिसर र गौतमनगरको चोक बजार तथा ठोरी–१ दिपकनगर, भगवाननगर र चौतारामा पनि नवनिर्वाचित महामन्त्री श्रेष्ठको भव्य स्वागत र सम्मान गरिएको नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि प्रकाश खनालले जानकारी दिए। ५ वटै वडामा भएको छुट्टाछुट्टै स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै नवनिर्वाचित महामन्त्री श्रेष्ठले ठोरीवासीले आफूलाई अवसर दिएको हुँदा ठोरीवासीलाई आफूले विकास–उपहार दिने उद्घोष गरे।

महामन्त्री श्रेष्ठले ठोरीमा विकासको लहर ल्याउन आउँदो निर्वाचनमा तीनै तहमा नेपाली काङ्ग्रेसलाई विजयी बनाउन आग्रह गरे। स्वागत तथा सम्मान कार्यक्रममा नेपाली काङ्ग्रेस महाधिवेशन प्रतिनिधिहरू रामबहादुर श्रेष्ठ, प्रकाश खनाल, गोमा उपाध्याय, कमला श्रेष्ठ, प्रदेशसभा क्षेत्रीय सभापति जीवनकृष्ण सापकोटा, वडासभापतिहरू विमल खड्का, मिलन श्रेष्ठ, रुद्र खड्का, देवीप्रसाद पराजुली, तिलकबहादुर रिमाल, नेपाली काङ्ग्रेसका युवा नेता सन्तोष श्रेष्ठ, कुलबहादुर श्रेष्ठ, पीताम्बर सिलवाल, हरिबहादुर सिलवाललगायत नेता, कर्यकर्ताहरूको भव्य उपस्थिति रहेको क्षेत्रीय सभापति सापकोटाले जानकारी दिए।

## लक्षण नदेखिएकालाई घरमै क्वारेन्टिनमा बस्ने गरी प्रवेश अनुमति

काठमाडौं, १६ पुस/रासस

सरकारले पूर्ण खोप लगाएको १४ दिन पुगेको र ७२ घण्टाभित्रको पीसीआर परीक्षण रिपोर्ट निगेटिभ भएका कोभिड–१९ सँग मिल्दोजुल्दो लक्षण नदेखिएका अवस्थामा घरमै १० दिन क्वारेन्टिनमा बस्ने गरी नेपाल भित्रने अनुमति दिने निर्णय गरेको छ।

गृह मन्त्रालयले मन्त्रिपरिषद्को यही पुस ९ सङ्क्रामक रोग ऐन २०२० को दफा २ बमोजिम जारी आदेश संशोधनका सम्बन्धमा बैठकको निर्णय कार्यान्वयनका लागि मातहतका निकायलाई लेखेको पत्रमा सो कुरा उल्लेख छ।

नेपाली नागरिक र कूटनीतिक वा अफिसियल पासपोर्ट वाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकलाई पूर्ण खोप लगाएको १४ दिन पुगेको र ७२ घण्टाभित्रको पीसीआर परीक्षण रिपोर्ट नगेटिभ भएकालाई उक्त अनुमति दिने निर्णय गरेको हो।

खोपको मात्र पूरा नगरेका वा खोपको मात्र पूरा गरेको १४ दिन नपुगेका नेपाली नागरिकको नेपाल प्रवेश बिन्दुमा एन्टिजेन परीक्षण गर्ने तथा परीक्षणमा रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेशनमा पठाउन पनि पत्रमा भनिएको छ। सरकारले परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई भरमै १० दिन क्वारेन्टिनमा बस्ने गरी प्रवेश दिन पनि मातहतका निकायलाई निर्देशन दिएको छ।

खोपको मात्र पूरा नगरेका वा खोपको मात्र पूरा गरेको १४ दिन नपुगेका कूटनीतिक वा अफिसियल पासपोर्ट वाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशीको नेपाल प्रवेश बिन्दुमा एन्टिजेन परीक्षण गर्न पनि पत्रमा भनिएको छ।

पत्रमा परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेशन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेशनमा पठाउन भनिएको छ। सरकारले परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई १० दिन होटल क्वारेन्टिन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिन निर्देशन दिएको छ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – अलमल | कर्कट – कार्यनाश |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – कान्तिक्षय | वृश्चिक – सुयश |
| धनु – अलमल | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

बालबालिकाकालाई समयमै विद्यालय पठाऔं
उनीहरूको उज्जवल भविष्य बनाऔं

वीरगंज महानगरपालिका



अङ्ग्रेजी नयाँ वर्ष मनाउन भारतीय पर्यटक नेपाल आउन थालेपछि शुक्रवार बिहानदेखि भन्सार गराउन लामबद्ध सवारीसाधनहरू । तस्वीर: राजेश केशरीवाल

# सिम्रौनगगढमा एमालेको नगर अधिवेशन

प्रस, सिम्रौनगढ, १६ पुस/

बाराको सिम्रौनगढ नेपाल कमुनिस्ट पार्टी एमालेको सिम्रौनगगढ नगर




तस्वीर: प्रतीक

अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि एमाले पोलिटब्युरो सदस्य अच्युत मैनालीले बताए कि ऐतिहासिक स्थल सिम्रौनगढ पूर्वमा कोशी, पश्चिम गण्डकी र दक्षिण गङ्गा, उतर महाभारत पर्वत चौहद्दी रहेको तिरहुत राज्यको राजधानी थियो र यहाँको ललितकला एवं वास्तु कलाको बिजोड नमूनाले यो साबित हुन्छ कि सिम्रौनगढ कति समृद्ध थियो । उनले यसै कारण आज देश-विदेशबाट यो ऐतिहासिक स्थल हेर्न मानिस लालायित भएर आउँछन् ।

अर्का वक्ता पोलिटब्युरो सदस्य एवं पूर्वमन्त्री ज्वालाकुमारी साहले एमालेको लोकप्रियता देखेर यसलाई पुनः बिगार्ने काम भइरहेको छ तर एमालेलाई जति बिगार्ने काम हुन्छ एमाले झन् लोकप्रिय बन्छ भनिन् ।

नेकपा एमाले प्रदेश नं २ सदस्य नेता ताराचन्द साहको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा एमाले बारा अध्यक्ष देवनारायण चौधरी, प्रदेश सदस्य जलन्धर सिंह, ढुण्डिराज उप्रेती, अमर चौधरी, केवट चौधरी, ज्ञानु केसी, गोविन्द चौधरी, मनोज पौडेल, भरत भण्डारी, गोविन्द चौधरी, जयप्रकाश यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

उद्घाटन सत्रको सञ्चालन एकबाल यादव एवं स्वागत नेता रामेश्वर यादवले गरेका थिए ।

अधिवेशनको बन्द सत्रले नेता महेन्द्रप्रसाद जयसवालको अध्यक्षतामा ७५ सदस्यीय सिम्रौनगढ नगर कमिटी गठन गरेको छ। समितिको उपाध्यक्ष रामेश्वर यादव, सचिव दीपेन्द्र कुशवाहा, सह सचिव रमेश हजरा तथा सदस्यहरू जानकी मुखिया, रामजन्म मुखिया, राजेश सहनी, तेतरदेवी यादव, कुल्हाई मुखिया, सन्झारी देवीलगायत रहेका छन् ।

### कोरोना स्वास्थ्य चौकी....

थियो । अहिले बिहान १० बजेदेखि ५ बजेसम्म त्यहाँ एकदुईबाहेक स्टाफ देखिंदैनन् ।

शुक्रवार स्वास्थ्य चौकीमा कृष्ण ठाकुर नाम गरेका एकजना मात्र खटेका थिए । उनै एकजनाले एन्टिजेन परीक्षण गर्ने र यात्रा विवरण लेख्ने कार्य गरिरहेका थिए । भारतको विभिन्न स्थानको रेल तथा बसबाट नेपाल आउनेहरूको चेकजाँच गर्दा आज निकै भीड थियो । अङ्ग्रेजी नयाँ वर्षको कारण दुई सातादेखि यो नाकाबाट भारतीयहरूको आवागमन निकै बढेको छ तर स्वास्थ्य परीक्षण भने कहालिलाग्दो छ ।

डा सैनुल्लाहले १० देखि ५ बजे तीन शिफ्टमा चौधजना स्वास्थ्यकर्मी खट्ने गरेको बताए । उनले दुई शिफ्टमा ५/५ जना र तेस्रो शिफ्टमा चारजना खट्ने गरेको तथा दुईजना एमबिबिएस डाक्टर, ५ जना एन्टिजेन जाँच गर्ने स्वास्थ्यकर्मी, ५ जना रजिस्टर मेन्टेन गर्ने कर्मचारी र दुईजना सहयोगी रहेको बताए ।

स्वास्थ्य चौकीमा खटेका सहयोगी ठाकुरले दैनिक छ सयजनाको स्वास्थ्य परीक्षण भइरहेको र तीन/चारजना पोजिटिभ निस्किने गरेको बताए । उनले आज एकजना नमाज पढ्न गएको र दुईजना बिदामा बसेको कारण आफू एक्लै खट्नुपरेको बताए ।

डा अनिशा महतो भने स्वास्थ्यचौकी नआउने गरेको थाहा भएको छ । उनीसँग यसबारे मोबाइलमा सम्पर्क गर्न खोज्दा सम्पर्कमा आइनन् । त्यतिमात्र होइन, महानगरले दिने गरेको स्वास्थ्य सामग्री पनि अहिले नदिने गरेको कर्मचारीहरूले बताउने गरेका छन् ।

यस विषयमा जिल्ला स्वास्थ्य कार्यालयका खोप अधिकृत जयमोद ठाकुरसँग बुझ्दा सीमामा भेटिएका पोजेटिभ केसको पहिचान गरी समबन्धित पालिकाहरूलाई जिम्मा लगाउने गरेको बताए ।

भारतीय नागरिकको हकमा भारतीय प्रहरीको जिम्मा लगाउने तथा नेपाली नागरिकको हकमा गापामा रहेका स्वास्थय प्रमुखलाई बोलाई जिम्मा लगाउने र यहाँबाट एम्बुलेन्सबाट पठाउने गरेको अधिकृत ठाकुरले बताए ।




जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ ।

- सावधानीपूर्वक सवारीसाधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेरमात्र सवारीसाधन चलाऔं ।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## राष्ट्रिय रेस्लिङ प्रतियोगिता शनिवारदेखि

काठमाडौं, १६ पुस/रासस

नेपाल रिङ रेस्लिङ सङ्घको आयोजनामा शनिवारदेखि प्रथम 'आरडब्लु विन्टर स्लाम राष्ट्रिय रेस्लिङ' प्रतियोगिता हुने भएको छ ।

बूढानीलकण्ठस्थित चुनिखेल मैदानमा हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको सङ्घका महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा हेभी वेट, हार्डकोर, मिडल वेट, ट्याग टिम र लाइट वेट खेलाडीबीच प्रतिस्पर्धा हुनेछ ।

हेभी वेट च्याम्पियनले रु ८० हजार, हार्डकोर च्याम्पियनले रु ६० हजार, मिडल वेट च्याम्पियनले रु ५० हजार, ट्याग टिम च्याम्पियनले रु ४५ हजार र लाइट वेट च्याम्पियनले रु २५ हजार पुरस्कार पाउने छन् । प्रतियोगितामा बूढानीलकण्ठ नगरपालिका-१३ ले सहयोग गरेको छ । प्रतियोगिता सञ्चालन गर्न रु १५ लाख खर्च लाग्ने बताइएको छ । जलवायु दिवसको उपलक्ष्यमा दोस्रो आरडब्लु विन्टर स्लाम सिन्धुपाल्चोकको वुफडाँडामा आइतवारदेखि हुने श्रेष्ठले जानकारी दिए ।

जिल्ला विकास समन्वय समिति सिन्धुपाल्चोक र नेपाल रिङ रेस्लिङ सङ्घको आयोजनामा सो प्रतियोगिता हुन लागेको हो । हेभीवेट च्याम्पियनले रु ७५ हजार, हाडकोर च्याम्पियनले रु ६५ हजार, मिडल वेट च्याम्पियनले रु ४० हजार, ट्याग टिम च्याम्पियनले रु ४० हजार र लाइट वेट च्याम्पियनले रु ३५ हजार पुरस्कार पाउनेछन् । उक्त प्रतियोगिताको अनुमानित लागत रु १० लाख रहेको छ ।

## आर्मी र एपीएफबीचको खेल बराबरीमा टुङ्गियो

काठमाडौं, १६ पुस/रासस

राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिग फूटबल प्रतियोगिताअन्तर्गत आजदेखि शुरू भएको सातौं चरणको पहिलो खेलमा त्रिभुवन आर्मी फूटबल क्लब र सशस्त्र प्रहरी बल (एपिएफ) बीचको खेल बराबरीमा टुङ्गिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा साबिक उपविजेता त्रिभुवन आर्मी क्लब अर्को विभागीय टोली एपिएफसँग १-१ गोलको बराबरीमा रोकिएको हो । पहिलो हाफसम्म गोलरहित बराबरीमा सकिएको खेलमा दुवै टोलीले खेलको दोस्रो हाफमा एक-एक गोल गरे । खेलको ६३ औं मिनेटमा जर्ज प्रिन्स कार्कीले गोल गर्दै आर्मीलाई शुरूआती अग्रता दिलाए ।

दिनेश हेन्जनको पासमा एपिएफका चार डिफेन्डर र गोलकीपरलाई छलाउँदै कार्कीले पेनाल्टी एरियाको बाहिरबाट प्रहार गरेको बलले सिधै जाली चुम्यो तर आर्मीको त्यो एक शून्य गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ६७ औं मिनेटमा एपिएफका बिकी तामाङले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । उनले कप्तान नवीन लामाको प्रहार आर्मीका गोलकीपर विकेश कुथुले बचाएपछि आएको रिबाउन्ड बलमा गोल गरेका हुन् । यो बराबरी खेलसँगै आर्मीले सात खेलमा ११ अङ्क जोडेको छ । आर्मी अङ्क तालिकाको चौथो स्थानमा छ । समान खेल खेलेको एपिएफ ६ अङ्क जोड्दै अङ्क तालिकाको ११ औं स्थानमा रहेको छ ।

# परवानीपुर बजारमा दुई करोड तीस लाखको शेड बन्दै

प्रस, परवानीपुर, १६ पुस/

परवानीपुर बजारलाई व्यवस्थित पार्ने उद्देश्यले परवानीपुर गाउँपालिकाको रु



शेड बजारको निर्माण हुँदै । तस्वीर: प्रतीक

२ करोड ३० लाखमा ४८ वटा शटर भएको पक्की भवन निर्माण भइरहेको छ ।

करीब दुई बिघा क्षेत्रफलमा फैलिएको परवानीपुर बजार व्यवस्थित हुन नसक्दा लामो समयदेखि स्थानीय उपभोक्तालाई समस्या खेप्नुपरेको थियो भने परवानीपुर बजारभन्दा पुराना बजारहरूको विकास भइसकेको तर परवानीपुर बजार अहिले पनि अव्यवस्थित तरीकाबाट सञ्चालन भइरहेको छ । वर्षात्मा हिलो र गर्मीमा धूलोले पसले तथा ग्राहकहरूलाई समस्या हुने गरेको थियो । २०७६/०७७ सालमा गापाले निकासा गरेको रु ५५ लाख, २०७७/०७८ को ५५ लाख र चालू आव २०७८/०७९ मा १ करोड २० लाख गरी कुल २ करोड ३० लाख बजेट विनियोजन गरिएको परवानीपुर गापाका कार्यपालिका सदस्य सन्जु साहले जानकारी गराए ।

४८ वटा शटरमध्ये २४ वटा शटर निर्माण भइसकेको र छतमाथि २४ वटा शटर निर्माणको काम आगामी एक वर्षभित्र सम्पन्न गर्ने गरी दुईवटा उपभोक्ता समितिमार्फत काम भइरहेको उनले स्पष्ट पारे । एउटा उपभोक्ता समितिको अध्यक्ष लिपनीका महेन्द्रराय यादव र अर्को उपभोक्ता समितिको अध्यक्षमा मुकेश रौनियार छन् । दुवैजना लोसपाका कार्यकर्ता हुन् । अहिले परवानीपुर बजारको पूर्वतिरको जग्गामा पूर्वपट्टि १२ वटा शटर र त्योसँगै टाँसिएको पश्चिमपट्टि १२ वटा गरी २४ वटा शटर पसल राख्ने भएको छ । त्यसपछि बजारको दक्षिण, उत्तर र पश्चिमपट्टि पर्खाल लगाएर पसल राख्न शटर निर्माण गर्ने लक्ष्य छ ।

२ करोड ३० लाखमध्ये हाल करीब एक करोडको हाराहारीमा बजेट खर्च भइसकेको बताइएको छ ।

# ५५ क्युफिट सालको काठ बरामद

प्रस, पर्सागढी, १६ पुस/

सबडिभिजन वन कार्यालय, सबैया र सबैया साझेदारी वन उपभोक्ता



तस्वीर: प्रतीक

समितिको टोलीले वीरगंज महानगर-३१ बाट ५५ क्युफिट सालको गोलिया काठ बरामद गरेको छ ।

फरेस्टर पुरुषोत्तम पटेलको नेतृत्वमा खटेको टोलीले ९ वटा साइकल र सोमा लोड गरिएको ९ थान सालको गोलिया बरामद गरेको बताइएको छ । गस्ती टोलीलाई देखेर तस्करहरू साइकल, काठ छाडी भागेका र उनीहरूको खोजी भइरहेको सबैया साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष लखनलाल साहले बताए । प्रहरी चौकी मिलनचोक नजीकबाट काठ बरामद हुनुले काठ तस्करीमा प्रहरीको संलग्नता रहेको स्थानीयको आरोप छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | नेशनल इन्फोटेक | क्रिकेट प्रतियोगिता | नारायणी रङ्गशाला | १०:०० |